# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, कात्तिक ३० गते, २०६३ साल (अतिरिक्तांक ४४


## भाग २

नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६३ सालको ऐन नं. १९

## सुरक्षित कारोबारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** देशको आर्थिक विकासका लागि आर्थिक क्रियाकलापको अधिकतम प्रवर्द्धन गर्न सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्तिउपरको दायित्व परिपालन गर्ने गराउने व्यवस्था तत्काल गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुरक्षित कारोबार ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतको सहमति लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको बाणिज्य इजलास सम्झनु पर्छ ।

(ख) "अधिकारपत्र"(इन्स्टुमेन्ट) भन्नाले नियमित व्यावसायिक कारोबारको सिलसिलामा दरपीठ वा हस्तान्तरणको माध्यमबाट अरुलाई प्रदान गर्न सकिने लिखत तथा शेयर प्रमाणपत्र सम्झनु पर्छ र सो शब्दले नगद भुक्तानीको हक प्रमाणित गर्ने जुनसुकै लिखतसमेतलाई जनाउँछ ।

तर सो शब्दले धितो वा पट्टा सम्झौतालाई जनाउने छैन ।

(ग) "अमूर्त सम्पत्ति" (इन्ट्यान्जिबल प्रपर्टी) भन्नाले कानूनी हक सृजना गर्ने मालसामान, बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र र मुद्राबाहेकका अन्य चलसम्पत्ति सम्झनु पर्छ ।

(घ) "अभिलेख" भन्नाले आवश्यकतानुसार हेर्न, देख्न, खोल्न वा प्राप्त गर्न सकिने किसिमले कुनै लिखत वा विद्युतीय वा अन्य माध्यमद्वारा सञ्चित गरी राखिएको जानकारी सम्झनु पर्छ र सो शब्दले यस ऐनबमोजिमको सूचनासमेतलाई जनाउँछ ।

(ङ) "उपभोग्य वस्तु" भन्नाले व्यक्तिगत, पारिवारिक वा घरायसी प्रयोजनका लागि उपयोग गरिने जुनसुकै मालसामान सम्झनु पर्छ ।

तर सो शब्दले क्रमसंख्या अङ्कित सवारी साधनलाई जनाउने छैन ।

(च) "उपकरण" (इक्वीपमेन्ट) भन्नाले कृषिजन्य उत्पादन, मौज्दातमा रहेको मालसामान वा उपभोग्य वस्तुबाहेकका अन्य मालसामान सम्झनु पर्छ ।

(छ) "क्रमसंख्या अङ्कित सवारी साधन" भन्नाले धितो दिने व्यक्तिको मौजदातमा रहेको बाहेकका अन्य सवारी साधन, सवारी साधनको टेलर, हवाईजहाज वा यन्त्र जडित डुङ्गा सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "कृषिजन्य उत्पादन" भन्नाले कृषि व्यवसायमा संलग्न धितो दिने व्यक्तिको कटान नगरिएका रुखबाहेकका देहायका मालसामान सम्झनु पर्छ :-

(१) हुर्केको, हुर्कँदै गरेको वा पछि हुर्कने बालीनाली,

(२) पानीमा उत्पादित जलचर,

(३) घरपालुवा पशुपक्षी (भविष्यमा जन्मनेसमेत),

(४) खेतीपातीको सिलसिलामा प्रयोग भएको वा सोबाट उत्पादन भएका मालसामानहरु,

(५) बालीनाली वा घरपालुवा पशुबाट उत्पादित तयारी अवस्थामा नपुगेका उत्पादनहरु ।

(झ) "खरिद मूल्यसम्बन्धी धितोको हक" (पर्चेज मनी सेक्यूरिटी इन्ट्रेस्ट) भन्नाले देहायको हदसम्मको कुनै पनि धितोको हकलाई खरिद मूल्यसम्बन्धी धितोको हक सम्झनु पर्छ :-

(१) मालसामानको पूरा वा आंशिक मूल्य सुरक्षित गर्न सोको बिक्रेताले सो हक लिएको वा आफूसँग निहित राखेको, वा

(२) बिक्रेताबाहेक अन्य व्यक्तिले धितो लिने व्यक्तिलाई मालसामान वा सोको प्रयोगउपर हक प्राप्त गराउन मूल्य वा प्रतिफल दिई निजले सो मालसामानउपर धितोको हक लिएको र त्यस्तो मूल्य वा प्रतिफल जुन प्रयोजनका लागि लिएको हो सोबापत नै प्रयोग गरेको ।

(ञ) "जडित सामान" (फिक्स्चर) भन्नाले प्रचलित कानूनबमोजिम सम्पत्तिसम्बन्धी अधिकार सृजना हुने अचलसम्पत्तिमा जडान गरिएको वा जडान गर्ने अभिप्रायले राखिएका मालसामान सम्झनु पर्छ ।

तर सो शब्दले सजिलै हटाउन वा झिक्न सकिने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारखानाको मेशिन, कार्यालय मेशिन वा घरेलु उपयोगका मालसामानहरु जडित सामानमा पर्ने छैन ।

(ट) "जमानत" भन्नाले भुक्तानीको दायित्व वा प्रतितपत्र अन्तर्गत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्व जस्ता सहायक दायित्व सम्झनु पर्छ र सो शब्दले बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र वा अन्य अमूर्त सम्पत्तिका सम्बन्धमा भुक्तानी गराउन सहयोग पुऱ्याउने दायित्वसमेतलाई जनाउँछ ।

(ठ) "दर्ता कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको सुरक्षित कारोबार दर्ता कार्यालय सम्झनु पर्छ ।

(ड) "दायित्व बहन गर्ने व्यक्ति" भन्नाले बहीखाता, सुरक्षित बिक्री करार वा अन्य अमूर्त सम्पत्तिका सम्बन्धमा दायित्व पूरा गर्नु पर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) "धितो लिने व्यक्ति" भन्नाले धितोको सम्झौताबमोजिम धितोको हक प्राप्त गर्ने ऋण वा उधारो दिने व्यक्ति वा बिक्रेता वा अन्य व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता वा सुरक्षित बिक्री करार खरिद गर्ने व्यक्ति र मालसामान पट्टामा दिने व्यक्तिसमेतलाई जनाउँछ ।

(ण) "धितो दिने व्यक्ति" भन्नाले धितोको सम्पत्तिमा आफ्नो स्वामित्व वा अधिकार भए वा नभए पनि कुनै भुक्तानी दिनु पर्ने वा सुरक्षित दायित्व सम्पन्न गर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता वा सुरक्षित बिक्री करारको बिक्रेता तथा मालसामान पट्टामा लिने व्यक्तिसमेतलाई जनाउँछ ।

(त) "धितोको सम्पत्ति" भन्नाले धितोको हकसँग सरोकार भएको कुनै पनि प्रकृतिको अमूर्त सम्पत्ति, जडित सामान, काट्नु पर्ने रुख, उत्खनन गर्नु पर्ने खनिज जस्ता चलसम्पत्ति सम्झनु पर्छ र सो शब्दले भविष्यमा सृजना हुने धितोको सम्पत्ति, मुलुकभित्र वा बाहिर रहेको धितोको सम्पत्ति, बिक्री गरिएको बहीखाता वा सुरक्षित बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करार, पट्टामा दिएको मालसामान तथा धितोको सम्पत्तिबाट प्राप्त लाभसमेतलाई जनाउँछ ।

(थ) "धितोसम्बन्धी सम्झौता" भन्नाले धितोको हकको सृजना गर्ने वा सोको व्यवस्था गर्ने सम्झौता सम्झनु पर्छ ।

(द) "धितोको हक" (सेक्युरिटी इन्टरेस्ट) भन्नाले कुनै दायित्वको परिपालना सुरक्षित गर्ने गरी धितोको सम्पत्तिमाथि रहेको सम्पत्तिसम्बन्धी अधिकार सम्झनु पर्छ ।

(ध) "नियमित व्यावसायिक कारोबारको सिलसिलाको खरिदकर्ता" (वायर् इन द अर्डिनरी कोर्स अफ बिजनेश) भन्नाले नियमितरुपमा एकै किसिमका मालसामान बिक्री गर्ने व्यक्तिबाट त्यस्तो मालसामान खरिद गर्दा सो मालसामानमाथि रहेको अरु व्यक्तिको अधिकारमा असर पर्न सक्ने भन्ने कुरा थाहा नपाई असल नियतले खरिद गर्ने व्यक्ति सम्झनु पर्छ ।

(न) "नियमित व्यावसायिक कारोबारको सिलसिलामा पट्टा लिने व्यक्ति" (लेसी इन द अर्डिनरी कोर्स अफ बिजनेस) भन्नाले नियमितरुपमा एकै प्रकृतिको मालसामान बिक्री गर्ने वा पट्टा दिने व्यवसायमा संलग्न व्यक्तिबाट अन्य तेस्रो व्यक्तिको स्वामित्वसम्बन्धी अधिकारमा वा धितोको हक वा पट्टासम्बन्धी हकमा हनन हुन सक्छ भन्ने कुरा थाहा नपाई असल नियतले त्यस्तो मालसामान पट्टामा लिने व्यक्ति सम्झनु पर्छ ।

(प) "खरिदकर्ता" (पर्चेजर) भन्नाले कुनै पनि किसिमले कुनै सम्पत्ति प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ ।

(फ) "बहीखाता" (एकाउन्ट) भन्नाले अधिकारपत्र वा सुरक्षित बिक्री करारबाट प्रमाणित नभएको, बिक्री गरिएको वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पट्टामा दिएको मालसामान वा प्रदान गरिएको सेवाबापत भुक्तानी पाउने अधिकार सृजना गर्ने खाता सम्झनु पर्छ ।

(ब) "मौज्दातमा रहेको मालसामान" भन्नाले कुनै व्यापार, व्यवसायमा बिक्री वा पट्टामा दिनका लागि राखिएका मालसामान सम्झनु पर्छ र सो शब्दले कुनै उद्यम वा व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ, अर्ध-तयारी, तयारी वा त्यस्ता उद्यम वा व्यवसायमा प्रयोग गरिएका वा उपभोग गरिएको मालसामानसमेतलाई जनाउँछ ।

(भ) "मूल्य" भन्नाले सम्झौताबमोजिम दिइएको वा दिइने प्रतिफल सम्झनु पर्छ ।

(म) "मालसामान" भन्नाले धितोको हक आबद्ध हुँदाका बखत चलरुपमा रहेको सबै प्रकारका वस्तुहरु सम्झनु पर्छ र सो शब्दले जडित सामान, बिक्री गर्ने प्रयोजनका लागि कटान गरिने रुख तथा कृषिजन्य उत्पादनसमेतलाई जनाउँछ ।

तर सो शब्दले बहीखाता, सुरक्षित बिक्री करार, मुद्रा, लिखत वा अधिकारपत्रलाई जनाउने छैन ।

(य) "मालसामानको पट्टा" भन्नाले देहायको मालसामानको पट्टा सम्झनु पर्छ :-

(१) एक वर्षभन्दा बढी समयको लागि गरिएको मालसामानको पट्टा,

(२) अनिश्चित अवधिको लागि दिइएको मालसामानको पट्टा,

(३) शुरुमा एक वर्ष वा सोभन्दा कम अवधिको लागि मालसामानको पट्टा दिइएकोमा पट्टा दिने व्यक्तिको सहमतिबमोजिम पट्टा लिने व्यक्तिले मालसामानमा कब्जा प्राप्त गरेको समयबाट एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेडिङ्ग), गोदामघर, दाखिला रसिद जस्ता हकको लिखत वा भरपाई सम्झनु पर्छ ।

(श) "लाभ" (प्रोसिस्डस) भन्नाले देहायबमोजिमको काम कारबाहीबाट प्राप्त भएको वा हुने लाभ सम्झनु पर्छ :-

(१) धितोको सम्पत्तिको बिक्री, पट्टा, इजाजतपत्र, विनिमय वा अन्य कुनै किसिमले हुने हक हस्तान्तरणबाट भएको कुनै पनि किसिमको प्राप्ति,

(२) धितोको सम्पत्तिका सम्बन्धमा सङ्कलन वा वितरणबाट भएको कुनै पनि प्राप्ति,

(३) धितोको सम्पत्तिबाट सृजित अधिकार,

(४) धितो सम्पत्तिको मूल्यको हदसम्म धितोमा हुन गएको हानि नोक्सानी, त्रुटी वा धितोको सम्पत्तिको शर्तको उल्लंघनबाट उत्पन्न भएको हानि नोक्सानीबापतको दाबी,

(५) धितोको सम्पत्तिको मूल्यको हदसम्भ तथा धितो दिने व्यक्ति वा धितो लिने व्यक्तिलाई भुक्तानी गर्नु पर्ने हदसम्म धितोमा हुन गएको हानि नोक्सानी वा क्षतीको कारणबाट वा धितोको सम्पत्तिको शर्तको उल्लंघन भएको कारणबाट प्राप्त हुने भुक्तानीयोग्य बीमा रकम ।

(ष) "नगद लाभ" भन्नाले मुद्रा, चेक वा निक्षेप जस्ता लाभ सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकारका अन्य नगद लाभसमेतलाई जनाउँछ ।

(स) "सङ्केत चिन्ह" भन्नाले हस्ताक्षर गर्ने पक्षको पहिचान गर्ने वा अभिलेखको आधिकारिता ग्रहण वा स्थापित गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उद्देश्यले कुनै पनि माध्यमबाट नाम वा सङ्केत ग्रहण वा कार्यान्वयन गर्ने काम सम्झनु पर्छ ।

तर सो शब्दले हातले नै हस्ताक्षर गर्नु पर्ने बाध्यतालाई जनाउने छैन ।

(ह) "सम्पत्ति प्राप्त गर्ने कार्य" भन्नाले खरिदकर्ता, दान प्राप्त गर्ने, धितो लिने वा बन्धकी लिने व्यक्तिका रुपमा सुरक्षण प्राप्त गर्ने व्यक्तिले सम्पत्ति लिने वा अन्य कुनै स्वेच्छिक कारोबारबाट सम्पत्तिउपर हक सृजना गर्ने कार्य सम्झनु पर्छ ।

(क्ष) "सूचना" भन्नाले दर्ता कार्यालयमा दर्ता गरिएको वा दर्ताको लागि पेश गरिएको अभिलेख सम्झनु पर्छ र सो शब्दले दर्ता गरिएको वा दर्ताको लागि पेश गरिएको संशोधन, निरन्तरताको विवरण र समाप्तिको विवरणसमेतलाई जनाउँछ ।

(त्र) "सुरक्षित बिक्री करार" भन्नाले मालसामान वा पट्टामा लिएको मालसामानउपर ऋण दायित्व तथा धितोको हक सृजना गर्ने अभिलेख सम्झनु पर्छ ।

(ज्ञ) "हस्तान्तरण" भन्नाले एक व्यक्तिबाट अर्को व्यक्तिमा पूर्ण वा आंशिकरुपमा हस्तान्तरण हुने बहीखाता, सुरक्षित बिक्री करार, अधिकारपत्र, लिखतमा रहेको भुक्तानीको अधिकार वा भुक्तानी पाउने अन्य अधिकार सम्झनु पर्छ ।

(कक) "हस्तान्तरण गरी लिने व्यक्ति" भन्नाले अधिकार वा भुक्तानी हस्तान्तरण गरी लिने व्यक्ति सम्झनु पर्छ ।

(कख) "हस्तान्तरण गरी दिने व्यक्ति" भन्नाले अधिकार वा भुक्तानी हस्तान्तरण गरी दिने व्यक्ति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कुनै करार अन्तर्गत परिपालन गर्नु पर्ने समेत दायित्व भएको हस्तान्तरण गरी लिने व्यक्तिले सोही करार अन्तर्गत भुक्तानी पाउने अधिकारको हस्तान्तरण सम्बन्धमा ।

## परिच्छेद-२
## सुरक्षित कारोबारसम्बन्धी दर्ता कार्यालयको स्थापना र सञ्चालन

४. दर्ता कार्यालयको स्थापना : (१) यस ऐनबमोजिमको सूचनाहरु दर्ता गर्नको लागि नेपाल सरकारले सुरक्षित कारोवार दर्ता कार्यालय नाम गरेको एउटा दर्ता कार्यालयको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता कार्यालयको स्थापना नभएसम्मको लागि नेपाल सरकारले यस ऐनबमोजिम सूचनाहरु दर्ता गर्ने काम गर्नको लागि कुनै कार्यालयलाई तोक्न सक्नेछ ।

(३) दर्ता कार्यालयको काम कारबाहीलाई व्यवस्थित गर्न नेपाल सरकारले कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरहको कर्मचारीलाई रजिष्ट्रारको रुपमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त वा तोकिएको रजिष्ट्रारले यस ऐनबमोजिम तोकिएका काम तथा कर्तव्य पूरा गर्नु पर्नेछ ।

५. दर्ता कार्यालयको काम, कर्तव्य र अधिकार : (१) दर्ता कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सूचना वा सूचनासँग सम्बन्धित कुनै संशोधन, सूचनाको निरन्तरतासम्बन्धी विवरण, सूचनाको समाप्तिसम्बन्धी विवरण, त्रुटी सच्याउने विवरण तथा लियन होल्डरको हकसम्बन्धी सूचनाहरु दर्ता गर्नका लागि विद्युतीय प्रविधिद्वारा सञ्चालन हुने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी दर्ता अभिलेख खडा गर्ने र सोको सञ्चालन तथा सम्भार गर्ने ।

(ख) कुनै पनि व्यक्तिले अनुरोध गरेमा निजलाई यस ऐनमा व्यवस्था भएबमोजिम दर्ता कार्यालयको अभिलेखबाट जानकारी उपलब्ध गराउने ।

(ग) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने ।

(२) दर्ता कार्यालयले गर्ने कुनै वा सबै काम कारबाही गर्नका लागि नेपाल सरकारले कुनै निजी निकायसँग सम्झौता गरी त्यस्तो निकाय मार्फत दर्ता कार्यालयले गर्नु पर्ने काम कारबाही पूरा गर्न आवश्यकता अनुसार सहयोग लिन सक्नेछ । दर्ता कार्यालयले त्यस्तो निकायसँग सम्झौता गर्नुअघि त्यस्तो निकाय देहायबमोजिम सक्षम भए नभएको कुरामा ध्यान दिनु पर्नेछ :-

(क) सूचना दर्तासम्बन्धी काममा दर्ता कार्यालयलाई सघाउ पुऱ्याउन त्यस्तो निकायसँग आवश्यक साधन, जनशक्ति, आर्थिक तथा प्राविधिक साधन पर्याप्त भए नभएको,

(ख) दर्ता कार्यालयले राखेको विद्युतीय रजिष्ट्रीमा उपयुक्त व्यावसायिक प्रचलनअनुरुप पहुँच राख्न सक्ने क्षमता भए नभएको ।

६. <u>कार्यालयको सूचनामा पहुँचको अधिकार</u> : (१) यस ऐनबमोजिम दर्ता भएको सूचनासँग सम्बन्धित जानकारी सार्वजनिक अभिलेखको रुपमा रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दर्ता कार्यालयले सूचनाका सम्बन्धमा कुनै ढाँचा वा माध्यमद्वारा तयार पारेको सूचिपत्रहरु तथा अन्य अभिलेखहरुसमेत सार्वजनिक अभिलेखको रुपमा रहनेछ ।

(३) प्रत्येक व्यक्तिलाई दर्ता कार्यालयमा रहेको उपदफा (१) वा (२) बमोजिमका अभिलेख हेर्ने र सोको आवश्यक प्रतिलिपि प्राप्त गर्ने अधिकार हुनेछ ।

७. <u>प्रारम्भिक सूचनाका विषयवस्तुहरु</u> : (१) प्रारम्भिक सूचनामा कम्तीमा देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछ :-

(क) धितो दिने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण,

(ख) धितो लिने व्यक्ति वा निजको प्रतिनिधिको नाम, ठेगाना र अन्य विवरण,

(ग) धितोको सम्पत्तिसँग सम्बन्धित विवरण ।

तर त्यस्तो सूचना कटान गरिने रुख, उत्खनन गरिने खनिज पदार्थ वा धितोको सम्पत्तिमा जडित सामानसँग सम्बन्धित भएमा सम्बन्धित अचलसम्पत्तिको विवरणसमेत उल्लेख गर्नु पर्नेछ ।

(२) धितो दिने व्यक्ति वा निजले अख्तियारी दिएको व्यक्तिले निजको तर्फबाट यस ऐनबमोजिम प्रारम्भिक सूचना दर्ता कार्यालय समक्ष दर्ता गर्न सक्नेछ । धितो दिने व्यक्तिले अख्तियारी दिएको लिखत त्यस्तो सूचनामा समावेश हुन आवश्यक छैन ।

(३) धितो दिने व्यक्तिले धितोसम्बन्धी सम्झौता सम्पन्न गरेको अवस्थामा त्यस्तो सम्झौतामा उल्लिखित धितोको सम्पत्ति र त्यस्तो धितोको सम्पत्तिबाट प्राप्त लाभका सम्बन्धमा सो सम्झौतामा स्पष्ट व्यवस्था भएको वा नभएको जेसुकै भए तापनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो धितोको सम्पत्ति वा सोबाट प्राप्त लाभसँग सम्बन्धित प्रारम्भिक सूचना वा संशोधन दर्तासमेतको काम गर्न पाउने गरी अख्तियारी प्रदान गरेको मानिनेछ ।

(४) यस दफाबमोजिम प्रारम्भिक सूचना धितोसम्बन्धी सम्झौता सम्पन्न हुनुअगावै वा धितोको हक आबद्ध हुनुअगावै दर्ता गर्न सकिनेछ ।

(५) कुनै प्रारम्भिक सूचनामा यस दफाबमोजिम उल्लेख गर्नु पर्ने कुनै कुरा उल्लेख हुन नसकेको भए तापनि सो सूचनाले यस परिच्छेदमा उल्लेख भएका अन्य शर्तहरु पूरा गरेको भएमा र त्यस्तो सूचनाको भ्रामक अर्थ नलाग्ने भएमा यस ऐनबमोजिम प्रभावकारी भएको मानिनेछ ।

८. <u>सूचनामा उल्लिखित नामको पर्याप्तता</u> : (१) सूचनामा देहायका कुराहरु उल्लेख भएमा धितो दिने व्यक्तिको नाम सो सूचनामा पर्याप्तरुपमा खुलाएको मानिनेछ :-

(क) धितो दिने व्यक्ति प्राकृतिक व्यक्ति भए निजले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित नागरिकता नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए,

(ख) धितो दिने व्यक्ति गैर-नेपाली नागरिक भए निजले प्राप्त गरेको राहदानीमा उल्लिखित नाम र सो राहदानी जारी गर्ने देशको नाम तथा नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए,

(ग) धितो दिने व्यक्ति प्रचलित कानूनबमोजिम स्थापना भएको सङ्गठित संस्था भए प्रचलित कानूनबमोजिम स्थापना भई मान्यता प्राप्त गरेको नाम र दर्ता प्रमाणपत्र नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) धितो दिने व्यक्ति प्रचलित कानूनबमोजिम नेपाल राज्यभित्र व्यवसाय सञ्चालन गर्न मान्यताप्राप्त विदेशी सङ्गठित संस्था भए त्यस्तो संस्थाले नेपाल राज्यभित्र कारोबार सञ्चालन गर्न प्रचलित कानूनबमोजिम मान्यता प्राप्त गरेको नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए, र

(ङ) धितो दिने व्यक्ति प्रचलित कम्पनी कानूनअन्तर्गत दर्ता नभएको तर प्रचलित कम्पनी कानूनबमोजिम नेपाल राज्यभित्र व्यवसाय सञ्चालन गर्न पाउने विदेशी सङ्गठित संस्था भए त्यस्तो सङ्गठित संस्था संस्थापना भएको देशको प्रचलित कानूनबमोजिम मान्यताप्राप्त नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए ।

(२) सूचनामा धितो दिने व्यक्तिको नाम पर्याप्तरुपमा खुलाइएको अवस्थामा त्यस्तो सूचनामा धितो दिने व्यक्तिको व्यापारिक नाम वा अन्य कुनै नाम उल्लेख नभएको कारणले मात्र त्यस्तो सूचना प्रभावकारी नभएको मानिने छैन ।

तर सूचनामा धितो दिने व्यक्तिको व्यापारिक नाम मात्र उल्लेख भएको अवस्थामा त्यस्तो सूचनामा धितो दिने व्यक्तिको नाम पर्याप्तरुपमा उल्लेख गरेको मानिने छैन ।

(३) सूचनामा एकभन्दा बढी धितो दिने व्यक्तिको नाम र एकभन्दा बढी धितो लिने व्यक्तिको नाम उल्लेख गर्न सकिनेछ ।

(४) सूचनामा कुनै व्यक्ति धितो लिने व्यक्तिको प्रतिनिधि हो भन्ने कुरा खुलाउन नसकेको कुराले मात्र सो सूचनाको पर्याप्ततामा कुनै असर पार्ने छैन ।

९. सूचनाको परिवर्तनबाट उत्पन्न असर : (१) धितोको सम्पत्ति बिक्री, विनिमय गरिएको, पट्टा वा इजाजतमा दिइएको वा कुनै पनि किसिमले हस्तान्तरण गरिएको भएमा धितो दिने व्यक्तिले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसरी हस्तान्तरण भएको कुरा थाहा पाएको वा सो हस्तान्तरण गर्नमा मन्जूरी दिएको भए तापनि सो धितोको सम्पत्तिको सम्बन्धमा दर्ता गरिएको सूचना त्यस्तो हस्तान्तरणपछि पनि मान्य रहिरहनेछ ।

(२) यस ऐनबमोजिम दर्ता गरिएको सूचना गम्भीररुपमा भ्रमपूर्ण हुने गरी धितो दिने व्यक्तिले आफ्नो नाम परिवर्तन गरेमा पनि त्यस्तो नाम परिवर्तन गरेको मितिभन्दा अगाडि वा सो मितिले चार महिनाको अवधिभित्र धितो दिने व्यक्तिले प्राप्त गरेको सम्पत्तिको सम्बन्धमा धितोको हक परिपक्व गराउन दर्ता गरेको त्यस्तो सूचना मान्य रहिरहनेछ । नाम सच्याउने प्रयोजनका लागि नाम परिवर्तन गरिएको चार महिनाभित्र त्यस्तो संशोधन पेश गरी सो नाम सच्याएमा मात्र नाम परिवर्तन गरिएको चार महिनापछि धितो दिने व्यक्तिले प्राप्त गरेको धितोको सम्पत्तिमा धितोको हक परिपक्व गर्न त्यस्तो सूचना मान्य रहिरहेको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम धितो दिने व्यक्तिको नाम परिवर्तनगर्ने सम्बन्धमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक कुनै सूचना दर्ता गरिसकेपछिको परिस्थितिमा भएको परिवर्तनले सो सूचनालाई गम्भीररुपमा भ्रमपूर्ण बनाएको अवस्थामा समेत सो सूचना मान्य रहिरहनेछ ।

१०. सूचनाको अवधि र सोको समाप्तिबाट पर्ने असर : (१) यस ऐनबमोजिम दर्ता गरिएको सूचना दर्ता गरेको मितिले पाँच वर्षको अवधिसम्म बहाल रहनेछ । यसरी दर्ता गरिएको सूचनाको अवधि समाप्त हुनुअगावै निरन्तरताको विवरण दर्ता नगरिएमा त्यस्तो सूचना पाँच वर्षको अवधि समाप्त भएपछि मान्य हुने छैन ।

(२) दर्ताबिना नै धितोको हक परिपक्व भएकोमा बाहेक सूचना बहाल रहने समयावधि समाप्त भएपछि सूचना अमान्य हुनेछ र सो सूचनाबाट परिपक्व गराइएको धितोको हक अपरिपक्व हुनेछ ।

(३) सूचना बहाल रहने समयावधि समाप्त भएको कारणले कुनै धितोको हक अपरिपक्व भएमा त्यस्तो सूचना समाप्त हुनुभन्दा अघि वा पछि मूल्य तिरी धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिका बिरुद्ध धितोको हक कुनै पनि अवस्थामा परिपक्व भएको मानिने छैन ।

११. सूचनामा उल्लिखित धितो दिने व्यक्तिको नाम : (१) यस ऐनबमोजिम दर्ता गरिएको प्रारम्भिक सूचना वा संशोधनको सूचनामा जसको नाम धितो लिने व्यक्ति वा निजको प्रतिनिधि भनी जनिएको छ त्यस्तो व्यक्तिलाई सो सूचनामा उल्लिखित धितो लिने व्यक्ति भनिनेछ ।

(२) संशोधनको सूचनाद्वारा उपदफा (१) बमोजिमको धितो लिने व्यक्तिलाई नाम संशोधन गरी नहटाएसम्म त्यस्तो व्यक्ति नै धितो लिने व्यक्तिको रुपमा कायम रहिरहनेछ ।

१२. सूचनामा संशोधन : (१) प्रारम्भिक सूचना एक वा एकभन्दा बढी संशोधनहरुबाट संशोधित हुन सक्नेछ । प्रारम्भिक सूचनाको संशोधनको सूचनामा देहायका कुराहरु समावेश भएको हुनु पर्नेछ :-

(क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान गरिएको हुनु पर्ने,

(ख) संशोधनको अख्तियारी दिने सूचनामा उल्लिखित धितो लिने व्यक्तिको पहिचान गरिएको हुनु पर्ने,

(ग) सूचनालाई संशोधन गर्न खोजिएको कुरा स्पष्टरुपमा खुलाइएको हुनुपर्ने,

(घ) सूचनाको संशोधन भएको कुरा देखाउने गरी सूचनालाई पूर्णरुपमा पुनर्लेखन गरी प्रारम्भिक सूचनामा खुलाउनु पर्ने सम्पूर्ण जानकारी उपलब्ध गराउनु पर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) धितो दिने व्यक्तिले हस्ताक्षरित अभिलेखनद्वारा अख्तियारी दिई कुनै संशोधनको सूचना दर्ता गरिएकोमा त्यस्तो संशोधनको सूचनाले समेटेको धितोको सम्पत्तिमा थप हुने व्यवस्था गरेमा वा कुनै धितो दिने व्यक्तिलाई सूचनामा समावेश गरेमा सो संशोधन मान्य हुनेछ। धितोको लाभका सम्बन्धमा सम्झौतामा स्पष्टरुपमा उल्लेख भएको वा नभएको जेसुकै भए तापनि त्यस्तो सम्झौता गरिसकेपछि सो सम्झौतामा उल्लिखित धितोको सम्पत्ति तथा सोबाट प्राप्त लाभलाई समेट्ने गरी संशोधन दर्ता गर्न पाउने गरी धितो दिने व्यक्तिले अख्तियारी दिएको मानिनेछ।

(३) सूचनामा एकभन्दा बढी व्यक्तिको नाम धितो लिने व्यक्तिको रुपमा जनिएको भएमा त्यस्तो प्रत्येक व्यक्तिले संशोधन दर्ता गर्न कसैलाई अख्तियारी दिन सक्नेछ।

(४) सूचनामा एकभन्दा बढी धितो लिने व्यक्तिको नाम उल्लेख भएकोमा कुनै एक धितो लिने व्यक्तिले हस्ताक्षरित अभिलेखद्वारा दर्ता गर्न अख्तियारी दिएमा संशोधन मान्य हुनेछ।

(५) सूचनामा उल्लिखित धितो लिने एउटा व्यक्तिले अख्तियारी दिएको संशोधनले सूचनामा उल्लिखित धितो लिने अर्को व्यक्तिको अधिकारमा कुनै असर पार्ने छैन।

(६) धितोको सम्पत्ति थप गर्ने संशोधन दर्ता गरिएको मितिदेखि मात्र थप गरिएको धितोको सम्पत्तिको हकमा सो संशोधन मान्य हुनेछ।

(७) धितो दिने व्यक्ति थप गर्नका लागि संशोधन दर्ता गरिएको भए सो संशोधन दर्ता गरिएको मितिदेखि मात्र थप गरिएको धितो दिने व्यक्तिको हकमा सो संशोधन मान्य हुनेछ।

(८) धितोको सम्पत्ति वा धितो दिने व्यक्ति थप गर्ने संशोधनबाहेकको अन्य संशोधनको सूचनामा उल्लिखित धितो लिने व्यक्तिले त्यस्तो संशोधन दर्ता गर्न अख्तियारी दिएमा मात्र सो संशोधन मान्य हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) सूचनामा उल्लिखित धितो लिने सबै व्यक्तिहरुलाई सो सूचनाबाट बाहेक गर्ने वा त्यसरी बाहेक गरिएका धितो लिने व्यक्तिहरुको सट्टा नयाँ धितो लिने व्यक्तिको नाम सूचनामा उल्लेख नगर्ने वा त्यस्तो सूचनामा उल्लिखित धितो दिने सबै व्यक्तिहरुको नाम हटाउने वा त्यसरी हटाइएका धितो दिने व्यक्तिको सट्टा नयाँ धितो दिने व्यक्तिको नाम सूचनामा उल्लेख नगर्ने संशोधन अमान्य हुनेछ ।

(१०) संशोधनको दर्ताले कुनै पनि सूचनाको बहाली अवधिलाई विस्तार गर्ने छैन ।

१३. <u>सूचनाको निरन्तरता</u> : (१) देहायका विवरण उल्लेख गरी दर्ता भएको निरन्तरताको विवरणले सूचनाको बहाली अवधि विस्तार गर्न सक्नेछ :-

(क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान हुने विवरण,

(ख) निरन्तरताको अख्तियारी दिने सूचनामा उल्लिखित धितो लिने व्यक्तिको पहिचान हुने विवरण,

(ग) सूचना दर्ता गर्न अख्तियारी दिने धितो लिने व्यक्तिको सम्बन्धमा निरन्तरताको विवरण दर्ता गरी सूचनाको प्रभावकारिता निरन्तर हुने विवरण ।

(२) सूचना बहाल रहने पाँच वर्षको अवधि व्यतित हुनुभन्दा छ महिनाअगावै यस ऐनबमोजिम निरन्तरताको विवरण दर्ता गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम म्यादभित्रै निरन्तरताको विवरण दर्ता गरिएमा त्यस्तो विवरण दर्ता नगरिएको भए सो सूचना जुन मितिमा समाप्त हुने थियो सोही मितिदेखि पाँच वर्षको अवधिसम्म त्यस्तो सूचना बहाल रहनेछ ।

(४) सूचनामा उल्लिखित धितो लिने व्यक्ति एकभन्दा बढी भएको अवस्थामा जसले निरन्तरताको विवरण दर्ता गर्न अख्तियारी दिएको छ त्यस्तो धितो लिने व्यक्तिका हकमा मात्र उपदफा (३) मा उल्लेख भएबमोजिमको अवधिसम्म सूचना बहाल रहनेछ ।

(५) उपदफा (३) बमोजिम सूचना बहाल रहने अवधि समाप्त हुनुभन्दा अगावै धितो लिने व्यक्तिको अख्तियारीबमोजिम अर्को निरन्तरताको विवरण दर्ता नगरिएमा धितो लिने त्यस्तो व्यक्तिका हकमा सूचनाको बहाली अवधि समाप्त हुनेछ । सूचनाको बहाली अवधिलाई निरन्तरता दिन जुन तरिकाबाट सूचना दर्ता गर्नु पर्ने हो सोही तरिकाबाट पछिल्लो निरन्तरताको विवरण दर्ता गर्नु पर्नेछ ।

१४. सूचनाको समाप्ति : (१) देहायका कुराहरु खुलाई समाप्तिको विवरण दर्ता गरी सूचनाको प्रभावकारिता अन्त्य गर्न सकिनेछ :-

(क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान गरिएको,

(ख) समाप्तिको अख्तियारी दिने सूचनामा उल्लिखित धितो लिने व्यक्तिको पहिचान गरिएको,

(ग) दर्ता गर्ने अख्तियारी दिने धितो लिने व्यक्तिको हकमा सो सूचना प्रभावकारी नभएको भन्ने कुरा खुलाईएको ।

(२) देहायका अवस्था पूरा भएमा धितो दिने व्यक्तिले धितो लिने व्यक्तिसँग लिखित माग गरेमा त्यस्तो माग प्राप्त गरेको बीस दिनभित्र धितो लिने भनी सूचनामा जनिएको व्यक्तिले समाप्तिको विवरण दर्ता गर्नु पर्नेछ :-

(क) कुनै पनि सुरक्षित दायित्व तिर्न बाँकी नरहेको र पेश्की दिने, दायित्व वहन गर्ने वा कुनै किसिमको मूल्य चुक्ता गर्ने प्रतिबद्धता नगरेको, वा

०६९६


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) धितो दिने व्यक्तिले प्रारम्भिक सूचना दर्ता गर्न अख्तियारी नदिएको, वा

(ग) सूचनामा समाविष्ट बिक्री गरिसकेको बहीखाता वा सुरक्षित बिक्री करारका सम्बन्धमा रकम भुक्तानी गर्नु पर्ने दायित्व भएको व्यक्ति वा त्यस्तो दायित्व पूरा गर्नु पर्ने अन्य व्यक्तिले त्यस्तो दायित्व पूरा गरिसकेको ।

(३) सूचनामा उल्लिखित धितो लिने व्यक्तिको अख्तियारीबमोजिम समाप्तिको विवरण दर्ता भएमा त्यस्तो धितो लिने व्यक्तिको हक समाप्त हुनेछ। समाप्तिको विवरण दर्ता भएमा सो समाप्तिको विवरणसँग सम्बन्धित सूचना त्यस्तो अख्तियारी दिने धितो लिने व्यक्तिका हकमा प्रभावकारी हुने छैन ।

१५. सूचनाको प्रभावकारिता : (१) प्रारम्भिक सूचना, संशोधन, निरन्तरताको विवरण वा समाप्तिको विवरण दर्ता गर्नको लागि लाग्ने दस्तूर सहित दर्ता कार्यालयमा पेश भएमा वा दर्ता कार्यालयले दर्ताको लागि त्यस्तो अभिलेख स्वीकार गरेमा त्यस्तो सूचना वा विवरण दर्ता कार्यालयमा दर्ता भएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाबमोजिम दर्ता कार्यालयमा दर्ताको लागि पेश भएको अभिलेख देहायको अवस्थामा दर्ता कार्यालयले दर्ता गर्न इन्कार गरेमा त्यस्तो अभिलेख दर्ता भएको मानिने छैन :-

(क) यस ऐनबमोजिम दर्ताको लागि लाग्ने दस्तूर अभिलेखसाथ संलग्न नभएमा,

(ख) प्रारम्भिक सूचनाको सम्बन्धमा ऋणीको नाम उल्लेख नभएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) संशोधनको सूचनाको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नगरेमा, ऋणीको नाम उल्लेख नगरेमा वा संशोधनसँग सम्बन्धित सूचनाको म्याद समाप्त भइसकेको भएमा,

(घ) निरन्तरताको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नभएको वा त्यस्तो निरन्तरताको विवरण दफा १३ को उपदफा (२) बमोजिम छ महिनाको अवधिभित्र पेश नगरिएमा, र

(ङ) समाप्तिको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नगरिएको भएमा ।

(३) उपदफा (२) मा उल्लिखित अवस्थामा बाहेक कार्यालयले आफू समक्ष दर्ताको लागि पेश भएको प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण वा समाप्तिको विवरण दर्ता गर्न इन्कार गरे तापनि त्यस्तो अभिलेख दर्ता भएसरह मानिनेछ ।

तर धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिले त्यस्तो सूचना दर्ता नभएको भन्ने मुनासिब माफिकको विश्वासमा परी मूल्य बुझाएको अवस्थामा निजको हकमा यो व्यबस्था लागू हुनेछैन ।

(४) दर्ता कार्यालयले कुनै अभिलेख दर्ता गर्न इन्कार गरेमा सोको कारण सहितको सूचना सम्बन्धित व्यक्तिलाई यथाशिघ्र दिनु पर्नेछ ।

(५) यस ऐनबमोजिम दर्ता गर्न अख्तियारी पाएको व्यक्तिले दर्ता गरेको सूचनाको हदसम्म मात्र त्यसरी दर्ता गरिएको सूचना प्रभावकारी हुनेछ ।

(६) सूचनामा उल्लिखित धितो लिने व्यक्तिले अख्तियारी दिएको सूचनाले सो सूचनामा उल्लिखित धितो लिने अर्को व्यक्तिको अधिकारमा प्रभाव पार्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) दर्ता कार्यालयले कुनै अभिलेखको सूची दुरुस्त नराखेको कारणले सो अभिलेखको प्रभावकारितामा असर पर्ने छैन ।

१६. गलत ढङ्गले दर्ता गरिएको सूचनासम्वन्धी दाबी : (१) कुनै व्यक्तिलाई आफ्नो नाममा दर्ता कार्यालय समक्ष दर्ता भएको कुनै सूचना यथार्थमा आधारित नभएको वा गलत ढङ्गले दर्ता गरिएको भन्ने लागेमा त्यस्तो व्यक्तिले त्यस्तो सूचना सच्याउनको लागि दर्ता कार्यालयमा देहायका कुरा खुलाई सच्चाउने विवरण दर्ता गर्न सक्नेछ :-

(क) प्रारम्भिक सूचनाको दर्ता नम्बरबाट सो विवरणसँग सम्बन्धित अभिलेखको पहिचान भएको कुरा,

(ख) सो विवरण सच्याउने विवरण भएको कुरा, र

(ग) कुन आधारमा सो व्यक्तिलाई सो अभिलेख अयथार्थ हो भन्ने लागेको हो त्यस्तो आधार र सो व्यक्तिलाई अयथार्थता हटाउन सो अभिलेखमा कसरी संशोधन गर्नु पर्छ भन्ने लागेको छ सो कुरा वा कुन आधारमा सो व्यक्तिलाई सो अभिलेख गलत ढङ्गले दर्ता गरिएको हो भंन्ने लागेको हो सोको आधार ।

(२) यस दफाबमोजिम दर्ता भएको सच्याउने विवरणको दर्ताले सूचनाको प्रभावकारितामा कुनै असर पार्ने छैन ।

१७. दर्ता कार्यालयको दायित्व : (१) दर्ता कार्यालयले आफू समक्ष दर्ता भएको प्रत्येक सूचनाका सम्बन्धमा देहायबमोजिम गर्नु पर्नेछ :-

(क) दर्ता गरिएका प्रत्येक अभिलेखलाई छुट्टाछुट्टै दर्ता नम्बर दिनु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्येक अभिलेखलाई दिएको दर्ता नम्बर, दर्ताको मिति र समय समेत खुलेको अभिलेख खडा गरी राख्नु पर्ने ।

(ग) प्रत्येक अभिलेख सार्वजनिक निरीक्षणका लागि खुला राख्नु पर्ने ।

(२) दर्ता कार्यालयले प्रारम्भिक सूचनालाई धितो दिने व्यक्तिको नामबाट दर्ता गरी राख्नु पर्नेछ ।

(३) दर्ता कार्यालयले प्रारम्भिक सूचना तथा सोसँग सम्बन्धित सबै अभिलेखहरुलाई एक आपसमा आबद्ध हुने किसिमबाट दर्ता गरी राख्नु पर्नेछ ।

(४) दर्ता कार्यालयले क्रमसंख्या अङ्कित सवारी साधनको क्रमसंख्या उल्लिखित सूचनाको सम्बन्धमा क्रमसंख्या अङ्कित सूची खडा गरी राख्नु पर्नेछ ।

(५) दर्ता कार्यालयले म्याद व्यतित भएको सूचनाहरुको अभिलेख म्याद व्यतित भएको मितिले दश वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(६) दर्ता कार्यालयको दायित्व केवल प्रशासनिक हुनेछ । सूचना दर्ता गर्दा वा सूचना दर्ता गर्न इन्कार गर्दा दर्ता कार्यालयले त्यस्तो सूचना पर्याप्त भएको वा अपर्याप्त भएको वा सूचनामा उल्लिखित जानकारी यथार्थ वा अयथार्थ भएको भन्ने कुनै कुराको निर्धारण गर्ने छैन ।

१८. <u>दर्ता कार्यालयबाट जानकारी प्राप्त गर्न सकिने</u> : (१) दर्ता कार्यालयले आफूसँग कुनै जानकारीको लागि अनुरोध गर्ने कुनै पनि व्यक्तिलाई देहायबमोजिम जानकारी उपलब्ध गराउनु पर्नेछ :-


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) धितो दिने कुनै खास व्यक्तिको नाम उल्लेख गरेको र सबै धितो लिने व्यक्तिहरुको हकमा बहाल रहेको सूचना दर्ता कार्यालयले तोकेको मिति र समयमा दर्ता भएको वा नभएको कुरा,

(ख) प्रत्येक सूचनाको दर्ता नम्बर र सो सूचना दर्ता भएको मिति र समय,

(ग) प्रत्येक सूचनामा उल्लिखित धितो लिने र धितो दिने व्यक्तिको नाम र ठेगाना,

(घ) प्रत्येक सूचना वा संशोधनको सूचनामा उल्लिखित धितोको सम्पत्तिको विवरण, र

(ङ) प्रत्येक प्रारम्भिक सूचनासँग सम्बन्धित प्रत्येक अभिलेखको दर्ता नम्बर र सो दर्ता भएको मिति, समय र सो अभिलेख संशोधन, निरन्तरताको विवरण, सच्याउने विवरण वा समाप्तिको विवरण के हो भनी पहिचान गर्ने कुरा ।

(२) देहायको कुनै पनि कुरा खुलाई अभिलेखको खोजी गर्न दर्ता कार्यालयमा अनुरोध गर्न सकिनेछ :-

(क) प्रारम्भिक सूचनाको दर्ता नम्बर,

(ख) क्रमसंख्या अङ्कित सवारी साधनको क्रमसंख्या,

(ग) धितो दिने व्यक्ति नेपाली नागरिक भए निजको नागरिकता प्रमाणपत्रको नम्बर, वा

(घ) धितो दिने व्यक्ति गैर नेपाली नागरिक भए निजको नाम तथा राहदानी नम्बर ।

(३) दर्ता कार्यालयले आफ्नो कर्तव्यको पालना गर्दा कुनैपनि माध्यमबाट सूचना वा जानकारी संप्रेषण गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. दर्ता शुल्कसम्बन्धी व्यवस्था : (१) प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण, समाप्तिको विवरण, सच्याउने विवरणको दर्ताको लागि वा अभिलेख खोजीका लागि पाँच सय रुपैयाँ शुल्क लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता कार्यालयले उपलब्ध गराएको विद्युतीय प्रविधिको उपयोग गरी अभिलेख खोजी गरेबापत कुनै पनि शुल्क लाग्ने छैन ।

(३) यस ऐनबमोजिम उपलब्ध गराइएका अन्य सेवाहरुका लागि कुनै पनि शुल्क लाग्ने छैन ।

(४) रजिष्ट्रारले दर्ता कार्यालयबाट उपलब्ध गराइने सेवा उपभोग गर्ने व्यक्तिहरुको खाता खडा गरी त्यस्तो सेवाबापत लगाइएको शुल्क आवधिकरुपमा भुक्तानी गर्नेसम्बन्धी कार्यविधि तय गर्न सक्नेछ ।

## परिच्छेद-३
## धितोको हकसम्बन्धी व्यवस्था

२०. धितोको हक : (१) उपदफा (२) को अधीनमा रही यस ऐनबमोजिम कुनै पनि व्यक्तिले धितोको हक दिन र लिन सकिनेछ । यसरी धितोको हक दिँदा लिँदा कुनै धितोको सम्पत्तिमाथि एकभन्दा बढी व्यक्तिको धितोको हकसमेत सृजना हुने गरी धितोको हक दिन र लिन सकिनेछ ।

(२) धितो दिने व्यक्तिसँग रहेको उपभोग्य वस्तुमाथि खरिद मूल्यसम्बन्धी धितोको हक (पर्चेज मनी सेक्युरिटी इन्ट्रेस्ट) बाहेकका अन्य धितोको हक सृजना गर्न सकिने छैन ।

(३) धितोको सम्पत्ति प्रयोग गर्ने, भोग गर्ने, बिक्री गर्ने, विनिमय गर्ने, मिश्रित गर्ने वा अन्य कुनै पनि किसिमले हक हस्तान्तरण गर्ने अधिकार धितो दिने व्यक्तिसँग रहेको कारणले मात्र धितोको हक अमान्य भएको मानिने छैन ।

२१. सुरक्षित दायित्व : (१) दफा २० बमोजिम सृजना भएको धितोको हकले एक वा एकभन्दा बढी सामान्य वा विशेषरुपमा उल्लेख गरिएका दायित्वहरु सुरक्षित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुरक्षित दायित्व मौद्रिक वा गैरमौद्रिक हुन सक्नेछ।

(३) धितोको हकले भावी दायित्व पनि सुरक्षित गर्न सक्नेछ। त्यस्तो दायित्व बाध्यात्मक, शर्त सहितको वा स्वेच्छिक हुन सक्नेछ।

(४) धितोको हकले पहिले नै कायम रहेका दायित्वहरुलाई समेत सुरक्षित गर्न सक्नेछ।

२२. धितोको सम्पत्तिको विवरण : कुनै धितोको सम्पत्तिको विवरणले जुन कुराको विवरण दिन खोजेको हो सो को मनासिब रुपले पहिचान हुने गरी विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिनेछ। क्रमसंख्या अङ्कित सवारी साधनको हकमा यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोको सम्पत्तिको विवरण साधारण ढङ्गले पनि व्यक्त गर्न सकिनेछ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि "साधारण ढङ्गले" भन्नाले धितो दिने व्यक्तिले उपभोग गर्ने उपभोग्य वस्तु बाहेक धितो दिने व्यक्तिको सबै जायजेथा वा सबै चलसम्पत्ति जस्ता शब्दावली उल्लेख गरी दिएको विवरण सम्झनु पर्छ।

२३. धितोसम्वन्धी सम्झौताको प्रभावकारिता : (१) धितोसम्वन्धी सम्झौता अभिलेखको रुपमा रहनेछ। धितोसम्बन्धी सम्झौता एक वा एकभन्दा बढी अभिलेखको रुपमा राख्न सकिनेछ।

(२) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोसम्बन्धी सम्झौताका शर्तहरुअनुरुप सो सम्झौताका पक्षहरु, धितोको सम्पत्ति प्राप्तकर्ता, साहू तथा लियन होल्डरसमेतका हकमा लागू हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) धितोसम्बन्धी सम्झौता एक वा एकभन्दा बढी धितोको हकसँग सम्बन्धित हुन सक्नेछ ।

२४. धितो लिने व्यक्तिको कब्जामा रहेको धितोको सम्पत्ति : (१) धितो लिने व्यक्तिले आफ्नो जिम्मा र संरक्षणमा रहेको धितोको सम्पत्तिउपर मनासिब रेखदेख पुऱ्याउनु पर्नेछ ।

(२) धितोको सम्पत्ति धितो लिने व्यक्तिको जिम्मामा रहेको अवस्थामा अन्यथा सहमति भएकोमा बाहेक देहायका कुरामा देहायबमोजिम हुनेछ :-

(क) धितोको सम्पत्तिको बीमाबापतको खर्च र सो सम्पत्तिसँग सम्बन्धित कर वा शुल्क लगायत मनासिब माफिकको खर्चको भुक्तानी गर्ने दायित्व धितो दिने व्यक्तिको हुने र त्यस्तो खर्चहरु उल्लिखित धितोको सम्पत्तिबाट असूलउपर गर्नु पर्ने,

(ख) कुनै दुर्घटनाबाट धितोको सम्पत्तिमा हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानीबापत बीमा रकमले नखामेको हदसम्मको जोखिम धितो दिने व्यक्तिले व्यहोर्नु पर्ने, र

(ग) धितोको सम्पत्तिबाट प्राप्त रकमबाहेकको कुनै पनि वृद्धिलाई धितो लिने व्यक्तिले अतिरिक्त सुरक्षणको रुपमा राख्नु पर्ने र धितो दिने व्यक्तिलाई रकम शोधभर्ना गरिएकोमा बाहेक निजले सुरक्षित दायित्व कम गराउन त्यस्तो रकम उपयोग गर्न सक्ने ।

२५. धितोको सम्पत्तिमा धितोको हकको आबद्धता : (१) देहायको अवस्थामा मात्र धितोको सम्पत्तिमा धितोको हक आबद्ध भई सो सम्पत्तिका सम्बन्धमा धितो दिने व्यक्ति र तेश्रो पक्षविरुद्ध त्यस्तो हक चलन चलाउन सकिनेछ :-

२६९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धितोको हक परिपक्व गराउन सूचना दर्ता गराउन आवश्यक हुने छैन ।

(१०) भुक्तानीको अधिकार वा परिपालनउपर रहेको धितोको हकको परिपक्वताले भुक्तानीको अधिकारलाई सुरक्षित गर्ने अचलसम्पत्तिको बन्धकीउपरको धितोको हकलाई समेत परिपक्व बनाउनेछ ।

२७. परिपक्वताको निरन्तरता : (१) धितोको हकको परिपक्वताको निरन्तरता नटुट्ने गरी धितोसम्बन्धी हक पहिले कुनै एक तवरमा परिपक्व बनाइएको र पछि अर्को तवरमा परिपक्व बनाइएकोमा सो हक निरन्तररुपमा परिपक्व भइरहेको मानिनेछ ।

(२) धितो लिने व्यक्तिले परिपक्व बनाइएको धितोको हक हस्तान्तरण गरेमा धितो दिने व्यक्तिका साहूहरुको हक विरुद्ध, धितो दिने व्यक्तिबाट हस्तान्तरण गरी लिने व्यक्तिको हक विरुद्ध तथा लियन होल्डरका विरुद्ध त्यस्तो धितोको हकको परिपक्वतालाई निरन्तरता दिनको लागि यस ऐनअन्तर्गत सूचना दर्ता गराई राख्नु पर्ने छैन ।

२८. एउटै धितोको सम्पत्तिमा रहेका धितोको हकको प्राथमिकता : (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एउटै धितोको सम्पत्तिमा एकभन्दा बढी व्यक्तिको धितोको हकको सृजना भएको अवस्थामा सूचना दर्ता भएको र सूचना दर्ता नभएको धितोको हकमध्ये सूचना दर्ता भएको धितोको हकले प्राथमिकता पाउनेछ । सूचना दर्ता भएको धितोको हकमा पनि त्यस्तो धितोको हकले धितोको हकको सूचना दर्ता गराएको समय वा धितोको हक परिपक्व भएको समय अनुसार प्राथमिकता पाउनेछ ।

(२) धितोको सम्पत्ति समेट्ने गरी पहिलो सूचना दर्ता गरिएको समय वा धितोको हक पहिलो पटक परिपक्व भएको समयमध्ये जुन अघिल्लो हुन्छ सो धितोको हकले प्राथमिकता पाउनेछ । धितोको हकको प्राथमिकता निर्धारणगर्दा पहिलो पटक सूचना दर्ता भए पछि वा धितोको हक परिपक्व भइसकेपछि



९५०९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो सूचना अप्रभावकारी भएको वा दफा २७ को उपदफा (१) बमोजिम त्यस्तो धितोको हकको परिपक्वताको निरन्तरता अवरुद्ध भएको हुनु हुँदैन ।

(३) धितोको सम्पत्तिमा पहिले आबद्ध भएको धितोको हकले यस ऐनबमोजिम सूचना प्रभावकारी नभएको वा परिपक्व भई नसकेको धितोको हकउपर प्राथमिकता पाउनेछ ।

(४) धितोको सम्पत्तिको सम्बन्धमा कायम भएको दर्ता वा परिपक्वताको मिति नै सो धितोको सम्पत्तिबाट प्राप्त लाभको हकमा पनि सोही दर्ता वा परिपक्वताको मिति कायम भएको मानिनेछ ।

२९. <u>लियनहोल्डरको अधिकारउपर धितोको हकको प्राथमिकता</u> : यस ऐनको अधीनमा रही लियन होल्डरले धितोको हक परिपक्व हुनुअगावै र धितोको सम्पत्ति समेट्ने सूचना दर्ता गर्नुअगावै सूचना दर्ता गरेको अवस्थामा बाहेक अन्य अवस्थामा धितोको हकले लियन होल्डरको अधिकारउपर प्राथमिकता पाउनेछ ।

३०. <u>धितोको सम्पत्ति खरिद गर्दाको असर</u> : (१) धितोको हक रहेको कुराको जानकारीबिना र सो धितोको हक परिपक्व हुनुअगावै कुनै खरिदकर्ताले सो धितोको सम्पत्तिबापत मूल्य तिरी खरिद गरेको भए त्यस्तो खरिदकर्ताले खरिद गरेको धितोको सम्पत्तिमा रहेको धितोको हकले त्यस्तो खरिदकर्तालाई कुनै असर पार्ने छैन ।

तर मूर्त सम्पत्तिउपरको धितोको सम्पत्तिको हक त्यस्तो सम्पत्ति त्यसरी धितो राखेको जानकारीबिना र सो धितोको हक परिपक्व हुनुअगावै खरिदकर्ताले प्राप्त गरिसकेको हुनु पर्नेछ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कुरामा देहायबमोजिम हुनेछ :-

(क) नियमित व्यावसायिक कारोबारको सिलसिलामा मालसामान खरिद गर्ने खरिदकर्ताको हकमा त्यस्तो


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालसामानउपर रहेको धितोको हक परिपक्व भएको र धितोको हक रहेको जानकारी निजलाई भएको भए तापनि त्यस्तो मालसामानमा रहेको धितोको हकले निजलाई कुनै असर पार्ने छैन,

(ख) उपभोग्य वस्तु खरिद गर्ने व्यक्तिले धितोसम्बन्धी हकको जानकारीबिना र उपभोग्य वस्तु समावेश गर्ने सूचना दर्ता गर्नुअगावै त्यस्ता मालसामान खरिद गरेमा त्यस्तो उपभोग्य वस्तुमा रहेको धितोको हक परिपक्व भए तापनि वा नभए तापनि सो व्यक्तिलाई त्यस्तो उपभोग्य वस्तुमा रहेको धितोको हकले कुनै असर पार्ने छैन,

(ग) क्रमसंख्या अङ्कित सवारी साधन खरिद गर्ने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको ज्ञान बेगर वा दर्ता गरिएको सूचनामा सो सवारी साधनको क्रमसंख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो क्रमसंख्या अङ्कित सवारी साधनमा रहेको धितोको हकले निजलाई कुनै असर पार्ने छैन,

(घ) कृषिजन्य उत्पादन खरिद गर्ने व्यक्तिको हकमा,-

(१) उपभोग्य वस्तुको रुपमा उपभोग गर्न खरिद गरिएको कृषिजन्य उत्पादनमा रहेको धितोको हकले असर पार्ने छैन,

(२) उपभोग्य वस्तुको रुपमा उपभोग गर्न खरिद नगरिएको कृषिजन्य उत्पादनको हकमा धितोको हकको जानकारीबिना तथा त्यस्तो हक परिपक्व हुनुअगावै त्यस्तो कृषिजन्य उत्पादन बुझी लिएमा त्यस्तो कृषिजन्य



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्पादनमा कायम रहेको धितोको हकले असर पार्ने छैन ।

३१. धितोको सम्पत्ति पट्टामा लिने व्यक्ति : (१) धितोको हकको जानकारीबिना त्यस्तो धितोको हक परिपक्व हुनुअगावै कुनै मालसामान पट्टामा लिने कुनै व्यक्तिले सो मालसामान पट्टामा लिएकोमा त्यस्तो मालसामानमा रहेको धितोको हकले निजको सो मालसामानमा रहेको पट्टाको हकमा कुनै असर पार्ने छैन ।

(२) नियमित व्यावसायिक कारोबारको सिलसिलामा मालसामान पट्टामा लिने व्यक्तिलाई त्यस्तो मालसामानउपरको धितोको हक परिपक्व भएको र धितोको हकको जानकारी भए तापनि त्यस्तो मलासामानमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन ।

(३) क्रमसंख्या अङ्कित सवारी साधन पट्टामा लिने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको जानकारीबिना वा दर्ता गरिएको सूचनामा सोको क्रमसंख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो क्रमसंख्या अङ्कित सवारी साधनमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन ।

३२. खरिद मूल्यसम्बन्धी धितोको हकको सूचना : धितो दिने व्यक्तिले मालसामान बुझिलिएको पाँच दिनभित्र कुनै व्यक्तिले त्यस्तो मालसामानको खरिद मूल्यसम्बन्धी धितोको हकको सम्बन्धमा सूचना दर्ता गराएमा धितोको हक आबद्ध भएको र सूचना दर्ता भएको समयको बीचमा त्यस्ता मालसामानउपर सृजना भएको खरिदकर्ता, पट्टा लिने व्यक्ति वा लियन होल्डरको अधिकारउपर त्यस्तो धितोको हकले प्राथमिकता पाउनेछ ।

३३. धितोको सम्पत्तिको बेचबिखन र त्यसबाट प्राप्त लाभ : (१) यस ऐनमा अन्यथा व्यवस्था भएको वा पक्षहरु बीच अन्यथा सहमति भएकोमा बाहेक धितोको सम्पत्तिको बिक्री, पट्टा, इजाजत, विनिमय, बेचबिखन वा अन्य किसिमले हस्तान्तरण गरिएको भए


४०२८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तापनि सो धितोको सम्पत्तिउपर रहेको धितोको हक निरन्तर रही रहनेछ ।

(२) यस ऐनमा अन्यथा व्यवस्था भएको वा पक्षहरु बीच अन्यथा सहमति भएकोमा बाहेक धितोको सम्पत्तिको बेचबिखन पछि सोबाट प्राप्त लाभमा धितोको हक आबद्ध हुनेछ ।

(३) मूल धितोको सम्पत्तिमा धितोको हक परिपक्व भएकोमा त्यस्तो मूल धितोबाट प्राप्त लाभउपर पनि धितोको हक कायमै रही रहनेछ। देहायको अवस्थामा बाहेक धितो दिने व्यक्तिले प्राप्त गरेको लाभ सो लाभ प्राप्त गरेको मितिले बीस दिन पछि सो लाभमा रहेको धितोको हक परिपक्व हुने छैन :-

(क) दर्ता गरिएको सूचनाले शुरुको धितोको सम्पत्ति समेटेमा र त्यस्तो शुरुको धितोको सम्पत्तिबाट प्राप्त भएको लाभ नगद लाभ भएमा वा शुरुको सूचनामा जुन प्रकृतिको लाभ उल्लेख गरिएको थियो सोही प्रकृतिको लाभ प्राप्त भएमा, वा

(ख) बीस दिनको समय अवधि समाप्त हुनुअगावै त्यस्तो लाभउपर धितोको हक परिपक्व गराईएको भएमा ।

३४. उपकरण खरिद मूल्यमा धितोको हकको प्राथमिकता : खरिद मूल्यसम्बन्धी धितोको हक धितो दिने व्यक्तिले उपकरणमा कब्जा प्राप्त गर्दाका बखत वा सो प्राप्त गरेको पाँच दिनभित्र परिपक्व गराइएको भए त्यस्तो खरिद मूल्यसम्बन्धी धितोको हकले सोही सम्पत्तिउपर रहेको विवादयुक्त धितोको हकउपर तथा सो सम्पत्तिबाट प्राप्त लाभमा रहेको धितोको हकउपर समेत प्राथमिकता पाउनेछ ।

३५. मौज्दातमा रहेको मालसामान वा घरपालुवा पशुपक्षीमा रहेको खरिदसम्बन्धी धितोको हकको प्राथमिकता : देहायका अवस्थामा मौज्दातमा रहेको मालसामान वा घरपालुवा पशुपक्षीमा परिपक्व

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको खरिद मूल्यसम्बन्धी धितोको हकले त्यस्ता मालसामान वा पशुपक्षीउपर रहेको अन्य विवादयुक्त धितोको हकउपर प्राथमिकता पाउनेछ :-

(क) धितो दिने व्यक्तिले मौज्दातमा रहेको मालसामान वा घरपालुवा पशुपक्षीउपर कब्जा लिई खरिद मूल्यसम्बन्धी धितोको हक परिपक्व भएमा, र

(ख) खरिद मूल्यसम्बन्धी धितोको हक लिने व्यक्तिले सूचना दर्ता गराउनुभन्दा अगावै विवादयुक्त धितोको हक लिने व्यक्तिले सोही मौज्दातको मालसामान वा घरपालुवा पशुपक्षीलाई समेट्ने गरी पहिले नै सूचना दर्ता गराई सकेको रहेछ भने खरिद मूल्यसम्बन्धी धितोको हक लिने व्यक्तिले विवादयुक्त धितोको हक लिने व्यक्तिलाई लिखितरुपमा जानकारी दिएको र सो जानकारीमा मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपक्षीको विवरण दिई त्यस्तो जानकारी दिने व्यक्तिको धितो दिने व्यक्तिका मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपक्षीउपर खरिद मूल्यसम्बन्धी धितोको हक रहेको वा निजले त्यस्तो हक प्राप्त गर्ने अपेक्षा गरेको कुरासमेत खुलाएको भएमा ।

३६. मालसामान नियन्त्रण (रिटेन्सन) मा लिने अधिकारको प्राथमिकता : कानूनको कार्यान्वयनबाट मालसामान नियन्त्रण लिने अधिकारको सृजना भई त्यस्तो मालसामान कब्जामा लिएको अवस्थामा सो मालसामानमा धितोको हक परिपक्व भए तापनि त्यस्तो मालसामानउपर देहायका अवस्थामा नियन्त्रणमा लिने अधिकारले प्राथमिकता प्राप्त गर्नेछ :-

(क) त्यस्तो मालसामानका सम्बन्धमा सामग्री वा सेवाबापतको भुक्तानी सुरक्षित गर्न त्यस्ता मालसामान कब्जा लिने व्यक्तिको पक्षमा सो नियन्त्रण लिने अधिकार सृजना भएको भएमा, र

(ख) त्यस्तो सामग्री वा सेवा नियमित व्यावसायिक कारोबारको सिलसिलामा उपलव्ध गराइएको भएमा ।

३७. जडित समान : (१) धितोको हक जडित सामानमा सृजना गर्न सकिनेछ । धितोको हक सृजित मालसामान पछि जडित हुने सामान भएमा सोमा धितोको हक निरन्तर रहीरहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य निर्माण सामग्रीहरुमा रहेको धितोको हक त्यस्ता सामग्रीहरु अचलसम्पत्तिमा समाविष्ट हुँदाका बखत समाप्त हुनेछ ।

(३) सजिलै हटाउन वा झिक्न सकिने कारखानाको मेशिन, कार्यालय मेशिन वा घरेलु उपयोगका मालसामानहरुको प्राथमिकता यस दफाबमोजिम निर्धारण गरिने छैन ।

(४) यस दफामा अन्यथा व्यवस्था गरिएकोमा बाहेक जडित सामानउपरको धितोको हक अचलसम्पत्तिमा रहेका अन्य सबै वास्तविक अधिकारहरुको अधीनस्थ हुनेछ ।

(५) अचलसम्पत्तिको स्वामी वा बन्धकी लिने व्यक्तिको हक प्रचलित कानूनबमोजिम दर्ता हुनुअगावै सूचना दर्ता गरिएमा जडित सामानमा रहेको परिपक्व धितोको हकले त्यस्तो अचलसम्पत्तिको स्वामीको हक वा बन्धकी लिखतमा जुनसुकै व्यवस्था गरिएको भए तापनि बन्धकी लिने व्यक्तिको हकउपर प्राथमिकता पाउनेछ ।

(६) यस ऐनबमोजिम दर्ता गराउनु पर्ने लियन होल्डरको हकको सूचना दर्ता गराउनुअगावै सूचना दर्ता गरिएमा जडित सामानमाथिको परिपक्व धितोको हकले लियन होल्डरको हकउपर प्राथमिकता पाउनेछ ।

(७) कुनै मालसामान जडित सामान हुनुअगावै धितो दिने व्यक्तिले दिएको धितोको हक खरिद मूल्यसम्बन्धी धितोको हक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा र त्यस्ता मालसामान जडित सामान हुनभन्दा अगावै वा जडित समान भईसकेको मितिले पाँच दिनभित्र सूचना दर्ता गरिएमा जडित सामानमा रहेको परिपक्व धितोको हकले अचलसम्पत्तिको स्वामीको, लियनहोल्डरको वा बन्धकी लिखतमा जुनसुकै व्यवस्था गरिएको भए तापनि बन्धकी लिने व्यक्तिको हकउपर प्राथमिकता पाउनेछ ।

तर यसरी निर्धारण गरिएको प्राथमिकता निर्माणसम्बन्धी बन्धकी हकमा लागू हुने छैन ।

स्पष्टिकरण : यस उपदफाको प्रयोजनको लागि "निर्माणसम्बन्धी बन्धकी" भन्नाले अचलसम्पत्तिमा गरिने निर्माण सुधारबापत भुक्तानी दिने कुनै पनि दायित्व सुरक्षित गर्ने गरी प्रचलित कानूनबमोजिम दर्ता गरिएको बन्धकी सम्झनु पर्छ ।

(८) सुरक्षित दायित्व परिपालन नभएमा यस दफाबमोजिमको प्राथमिकता प्राप्त गर्ने धितो लिने व्यक्तिले देहायका कुरामा देहायबमोजिम हुने गरी अचलसम्पत्तिबाट जडित सामान छुट्याई लैजान सक्नेछ :-

(क) जडित सामान छुट्याई लैजाने धितो लिने व्यक्तिले अचलसम्पत्तिमा पुग्न गएको हानि नोक्सानीको मर्मत गर्न लाग्ने खर्च धितो दिने व्यक्तिबाहेकका अन्य बन्धकी लिने व्यक्तिलाई अविलम्ब शोधभर्ना गर्नु पर्ने,

(ख) धितो लिने व्यक्तिले छुट्याई लैजाने जडित सामानको अभावले वा त्यस्ता सामान विस्थापित गर्नु पर्ने आवश्यकताको कारणले त्यस्तो अचलसम्पत्तिको मूल्यमा हुन गएको कमीबापत त्यस्तो बन्धकी लिने व्यक्ति वा मालिकलाई रकम शोधभर्ना गर्नु पर्ने, र

२०७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) धितो लिने व्यक्तिले शोधभर्ना गर्ने दायित्व पूरागर्ने पर्याप्त मात्रामा विश्वास दिलाउन नसकेसम्म शोधभर्ना प्राप्त गर्ने व्यक्तिले त्यस्तो जडित सामान छुटाई लैजाने अनुमति दिन इन्कार गर्न सक्ने ।

३८. बाली : धितो दिने व्यक्तिको कब्जामा रहेको अचलसम्पत्ति वा त्यस्तो अचलसम्पत्तिउपर रहेको निजको हकलाई प्रचलित कानूनबमोजिम दर्ता गरी राखेको अवस्थामा त्यस्तो अचलसम्पत्तिमा हुर्की रहेको बालीउपरको परिपक्व धितोको हकले त्यस्तो स्वामी वा बन्धकी लिने व्यक्तिको विवादयुक्त हकउपर प्राथमिकता पाउनेछ ।

३९. सम्मिलन : (१) मालसामानको मौलिक पहिचान नष्ट नहुने गरी अन्य मूल मालसामानसँग भौतिकरुपमा एकीकृत भएमा त्यस्तो मालसामान त्यस्तो मूल मालसामानमा सम्मिलित भएको मानिनेछ ।

(२) सम्मिलन हुने मालसामानमा पनि धितोको हक सृजना गर्न सकिनेछ र त्यस्तो धितोको हक सम्मिलन हुने धितोको सम्पत्तिमा पनि निरन्तर रही रहनेछ । धितोको सम्पत्ति सम्मिलन हुँदाका बखत त्यस्तो सम्पत्तिउपर धितोको हक परिपक्व भैसकेको भए त्यस्तो धितोको हक सम्मिलन भएको मालसामानको हकमा समेत परिपक्व भएको मानिनेछ ।

(३) सुरक्षित दायित्व परिपालना नभएमा सम्मिलित मालसामानउपरको धितोको हकले समग्र मालसामानमा हक रहेका प्रत्येक व्यक्तिका दाबीहरुउपर प्राथमिकता पाउने भएमा धितो लिने व्यक्तिले अन्य मालसामानबाट त्यस्ता सम्मिलित मालसामान हटाउन सक्नेछ ।

(४) सम्मिलित मालसामान हटाउने धितो लिने व्यक्तिले समग्र वा अन्य मालसामानमा कुनै हक निहीत भएको धितो दिने व्यक्तिबाहेकको अन्य व्यक्तिलाई समग्र मालसामानमा हुन गएको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भौतिक हानि नोक्सानीबापत देहायबमोजिम शोधभर्ना गर्नु पर्नेछ र यसरी शोधभर्ना गर्दा धितो लिने व्यक्तिको हक त्यस्तो व्यक्तिको हकको अधीनस्थ हुनु पर्नेछ :-

(क) सम्मिलित मालसामान हटाउने धितो लिने व्यक्तिले अचलसम्पत्तिमा पुग्न गएको हानि नोक्सानीको मर्मत गर्न लाग्ने खर्च धितो दिने व्यक्तिबाहेकका अन्य बन्धकी लिने व्यक्तिलाई अबिलम्ब शोधभर्ना गर्नु पर्नेछ ।

(ख) धितो लिने व्यक्तिले हटाएको मालसामानको अभावले वा त्यस्ता मालसामान विस्थापित गर्नु पर्ने आवश्यकताको कारणले त्यस्तो अचलसम्पत्तिको मूल्यमा हुन गएको कमीबापत धितो दिने व्यक्ति वा अन्य धितो लिने व्यक्तिलाई रकम शोधभर्ना गर्नु पर्नेछ ।

(ग) धितो लिने व्यक्तिले शोधभर्ना गर्ने दायित्व पूरा गर्ने पर्याप्त मात्रामा विश्वास दिलाउन नसकेसम्म शोधभर्ना प्राप्त गर्ने व्यक्तिले त्यस्तो मालसामान छुटाई लैजान अनुमति दिन इन्कार गर्न सक्नेछ ।

४०. मिश्रित सामानहरु : (१) उत्पादनमा वा सोको समूहमा आफ्नो पहिचान गुमाउने गरी अन्य मालसामानमा भौतिकरुपमा एकीकृत गरिएको मालसामान मिश्रित सामान हुनेछ ।

(२) मिश्रित सामानउपर धितोको हक सृजना नहुन पनि सक्नेछ ।

तर त्यस्तो मालसामान मिश्रित सामान भई त्यसबाट सृजित उत्पादन वा समूहमा भने धितोको हक सृजना हुन सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८. धितो लिने व्यक्तिको धितोको सम्पत्ति कब्जामा लिने अधिकार : (१) धितो दिने व्यक्तिले लिखितरुपमा स्वीकृति दिएको अवस्थामा दायित्वको परिपालन नभएको अवस्थामा पनि कानूनी कारबाहीबिना नै धितो लिने व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ ।

(२) धितो लिने व्यक्तिले दायित्वको परिपालन नगरेमा अदालतको आदेशबाट धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ । अदालतले त्यसरी आदेश दिंदा त्यस्तो विवाद धितोको सम्पत्ति समेट्ने धितोसम्बन्धी सम्झौता तथा दायित्वको परिपालन नभएको कुनै एउटा विषयसँग सम्वन्धित भएको कुरालाई हेरी त्यस्तो आदेश दिनु पर्नेछ ।

(३) अदालतले यस दफाबमोजिम धितो दिने व्यक्तिबाट धितोको सम्पत्तिको कब्जा छुटाउन दिएको आदेशउपर धितो दिने व्यक्तिले सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(४) धितोसम्बन्धी सम्झौताको अधीनमा रही धितो लिने व्यक्तिले धितो दिने व्यक्तिलाई धितोको सम्पत्ति एकत्रित गर्न र धितो लिने व्यक्तिले तोकेको दुवै पक्षलाई मनासिबरुपमा उपयुक्त हुने स्थानमा त्यस्तो सम्पत्ति धितो लिने व्यक्तिलाई उपलब्ध गराउन लगाउन सक्नेछ ।

(५) धितो लिने व्यक्तिले कुनै पनि उपकरण रहेको स्थानबाट सो उपकरण नहटाई त्यसलाई प्रयोग गर्न नमिल्ने किसिमको बनाउन र धितोको सम्पत्तिलाई धितो दिने व्यक्तिको व्यवसायको स्थान, आवास वा धितोको सम्पत्ति रहेको वा भेटिएको अन्य कुनै पनि स्थानमा बेचबिखन गर्न सक्नेछ ।

४९. धितोको हकको कार्यान्वयनमा बाधा विरोध गरेमा प्राप्त अधिकार : (१) यस ऐन, धितोसम्बन्धी सम्झौता वा प्रचलित कानून प्रतिकूल हुने गरी धितो दिने व्यक्तिले धितोको हकको कार्यान्वयन गर्ने, धितो बेचबिखन गर्ने वा अन्य तरिकाबाट चलन चलाउने कार्यमा रोक लगाएमा वा बाधा विरोध गरेमा

३८२८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धितो लिने व्यक्तिले धितोको सम्पत्तिको सुरक्षा गर्नको लागि देहायका अवस्थामा अदालतमा निवेदन दिन सक्नेछ :-

(क) धितोको सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउन सक्ने सम्भावना रहेको वा गलत ढङ्गले हस्तान्तरण भएको वा हुनसक्ने संभावना रहेको,

(ख) धितोको सम्पत्ति पत्ता लगाउन नसकिने अवस्था भएको, वा

(ग) धितो दिने व्यक्ति पत्ता लगाउन नसकिएको ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको सम्बन्धमा अदालतले देहायबमोजिमको आदेश जारी गर्न सक्नेछ :-

(क) धितो दिने व्यक्ति वा धितोको सम्पत्ति कब्जामा राख्ने अन्य कुनै पनि व्यक्तिलाई धितोको सम्पत्ति बेचबिखन गर्न रोक लगाउने,

(ख) धितो दिने व्यक्ति वा धितोको सम्पत्तिको बारेमा जानकारी भएको अन्य कुनै पनि व्यक्तिलाई अदालत समक्ष हाजिर हुन आउन र धितोको सम्पत्तिको सम्बन्धमा जानकारी दिन लगाउने,

(ग) धितो दिने व्यक्तिलाई धितोको सम्पत्तिउपरको कब्जा धितो लिने व्यक्तिलाई जिम्मा दिन लगाउने,

(घ) यस ऐनबमोजिम धितोको हकसहितको धितोको सम्पत्ति प्राप्त गरेको कुनै पनि व्यक्तिलाई त्यस्तो धितोको सम्पत्तिउपरको कब्जा धितो लिने व्यक्तिलाई जिम्मा दिन लगाउने ।

५०. <u>धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्न सक्ने</u> : (१) दायित्वको पालना नभएमा धितो लिने व्यक्तिले कुनै वा सबै धितोको सम्पत्ति बिक्री गर्न, भाडामा दिन, इजाजतमा दिन वा अन्य कुनै पनि तवरले बेचबिखन गर्न सक्नेछ ।

(२) धितोको सम्पत्ति एक वा एकभन्दा बढी करारअन्तर्गत सार्वजनिक वा निजीरुपमा बेचबिखन गर्न सकिनेछ।

(३) यस ऐनबमोजिम धितो लिने व्यक्तिको कर्तव्यसँग अनुकुल हुने गरी धितोको सम्पत्तिको बेचबिखन कुनै पनि समय, स्थान वा शर्तमा छुट्टाछुट्टै वा समूहगतरुपमा गर्न सकिनेछ।

(४) धितोको सम्पत्ति छिट्टै सड्ने, गल्ने भई वा सोको मूल्यमा तुरुन्तै गिरावट आउने प्रकृतिको भई सूचना दिन व्यावहारिक नहुने भएकोमा बाहेक धितो लिने व्यक्तिले धितो दिने व्यक्तिलाई धितोको सम्पत्ति सार्वजनिकरुपमा बिक्री गर्ने समय र स्थान वा निजीरुपमा बिक्री वा अन्य कुनै तवरले बेचबिखन गर्ने समयको मुनासिब जानकारी दिनु पर्नेछ।

(५) धितो लिने व्यक्तिले धितोको सम्पत्ति कुनै सार्वजनिक वा व्यक्तिगत बिक्रीको माध्यमबाट खरिद गर्न सक्नेछ।

५१. <u>बेचबिखनको परिणाम</u> : (१) बेचबिखनबाट प्राप्त लाभको सम्बन्धमा देहायबमोजिमको प्राथमिकताक्रम अनुसार भुक्तानी हुनेछ :–

(क) धितो लिने व्यक्तिले कानून व्यवसायीलाई तिरेको मनासिब माफिकको शुल्क र मुद्दामामिला गर्दा लागेको कानूनी खर्च लगायत धितोको सम्पत्ति पुनः प्राप्त गर्दा, ग्रहण गर्दा, बेचबिखनको तयारी तथा बेचबिखन गर्दा लागेको मनासिब माफिकको खर्च,

(ख) धितोको हकबाट सुरक्षित ऋण,

(ग) बेचबिखनबाट प्राप्त लाभको बाँडफाँड गर्नुभन्दा अगावै लिखित अनुरोध प्राप्त भई अधीनस्थ धितोको हक लिने व्यक्तिले त्यस्तो हकको मनासिब प्रमाण दिएमा धितोको सम्पत्तिउपर रहेको अधीनस्थ धितोको हकबाट सुरक्षित ऋण।

२८८६


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) धितो लिने व्यक्तिले धितोको सम्पत्तिको बिक्रीबाट प्राप्त भई बचत हुन आएको रकम धितो दिने व्यक्तिलाई फिर्ता दिनेछ र अन्यथा सहमति भएकोमा बाहेक नपुग रकमको हकमा धितो दिने व्यक्ति जिम्मेवार हुनेछ ।

(३) दायित्वको परिपालन नभई धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :-

(क) धितोको सम्पत्ति बेचबिखन हुँदा सो बेचबिखनमा असल नियतले मूल्य तिरी प्राप्त गर्ने प्राप्तकर्ताले त्यस्तो धितोको सम्पत्तिमा रहेको सबै अधिकार, धितोको हक वा अधीनस्थ धितोको हक वा विशेषाधिकारबिना नै सो धितोको सम्पत्ति प्राप्त गर्ने, र

(ख) धितोको सम्पत्तिको स्वामित्वको अभिलेख राख्ने कार्यालयले मूल्य दिई किन्ने सो सम्पत्तिको प्राप्तकर्तालाई नयाँ स्वामित्वको प्रमाणपूर्जा प्रदान गर्दा सो कार्यालयले अनुरोध गरेमा धितो लिने व्यक्तिले कब्जा गर्न पाउने गरी अदालतले दिएको आदेशको ढाँचामा नयाँ स्वामित्वको प्रमाणपूर्जा जारी गर्ने अख्तियारी वा दायित्व पालना नभएमा धितो लिने व्यक्तिलाई कब्जा हस्तान्तरण गर्ने गरी धितो दिने व्यक्तिले गरेको लिखित सम्झौता सो कार्यालय समक्ष पेश गर्ने ।

५२. <u>धितोको सम्पत्ति रोक्का राख्ने वा नियन्त्रणमा लिने</u> : (१) दायित्वको पालना नभएमा धितो लिने व्यक्तिले सुरक्षित दायित्व पूर्ण वा आंशिकरुपमा पालना गराउनको लागि धितोको सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिन प्रस्ताव गर्न सक्नेछ ।

(२) धितो लिने व्यक्तिले धितो दिने व्यक्ति तथा धितोको सम्पत्तिमा रहेको हकसम्बन्धी लिखित दाबी प्राप्त गरेको धितो लिने अन्य कुनै व्यक्ति समक्ष उपदफा (१) बमोजिम प्रस्ताव राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) धितो लिने व्यक्तिले उपदफा (२) बमोजिम प्रस्तावको सूचना पाउने हक भएको व्यक्तिबाट त्यस्तो सूचना पठाइएको मितिले एक्काइस दिनभित्र लिखित दाबी विरोध प्राप्त गरेमा निजले यस परिच्छेदमा भएको व्यवस्थाबमोजिम त्यस्तो धितोको सम्पत्ति बेचबिखन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र दाबी विरोध प्राप्त नभएमा धितो लिने व्यक्तिले उपदफा (१) बमोजिमको प्रस्ताव अनुसार धितो दिने व्यक्तिको दायित्वको भुक्तानी वा पालन गराउन धितोको सम्पत्ति रोक्का राख्न वा आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

५३. धितो दिने व्यक्तिको धितोको सम्पत्ति निखन्ने अधिकार : (१) लिखितरुपमा अन्यथा सहमति भएकोमा बाहेक दायित्वको पालना नभई धितो दिने व्यक्ति वा धितो लिने अन्य कुनै व्यक्तिले धितोको सम्पत्तिवाट सुरक्षित सम्पूर्ण दायित्वहरु पूरा गर्दा धितो लिने व्यक्तिले भुक्तानी गरेको मनासिब कानून व्यवसायी शुल्क र कानूनी कारबाही गर्दा लागेको अन्य खर्च लगायत त्यस्तो धितोको सम्पत्ति पुनः प्राप्त गर्दा, ग्रहण गर्दा, बेचबिखनको तयारी गर्दा वा वेचबिखन गर्दा धितो लिने व्यक्तिले गरेको अन्य मनासिब खर्चहरु वुझाई धितोको सम्पत्ति निखन्न सक्नेछ ।

(२) धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्नुभन्दा अघि वा बेचबिखनको लागि करार गर्नुभन्दाअघि वा दायित्व पूरा हुनुभन्दा अघि धितोको सम्पत्ति निखन्न सक्नेछ ।

५४. दायित्वको पालना नगरेमा धितो लिने व्यक्तिको दायित्व : (१) धितो लिने व्यक्तिले यस परिच्छेदका व्यवस्थाहरुको पालना नगरेमा अदालतले उपयुक्त शर्त तथा अवस्थाहरु तोकी सोही अनुसार धितोको सम्पत्तिको बेचबिखन गर्न वा बेचबिखनमा रोक लगाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्दा व्यावसायिक मान्यताअनुरुप मनासिब तवरले त्यस्तो सम्पत्ति बेचबिखन गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) धितोको सम्पत्ति बेचबिखन भईसकेपछि धितो दिने व्यक्ति वा सूचना पाउने हक भएको व्यक्ति वा बेचबिखन गर्नुअगावै धितोको सम्पत्तिमा आफ्नो हक भएको कुरा धितो लिने व्यक्तिलाई जानकारी गराएको व्यक्तिले यस परिच्छेदका व्यवस्था पालना नभएको कारणबाट निजलाई हुन गएको हानि नोक्सानीबापतको क्षतिपूर्ति धितो लिने व्यक्तिबाट भराई लिन पाउनेछ ।

(४) धितो लिने व्यक्तिले छानेको समय तथा तरीकाभन्दा भिन्नै समय वा तरीकामा धितोको सम्पत्ति बिक्री गरिएको भएमा अधिकतम मूल्य प्राप्त गर्न सकिने थियो भन्ने आधारमा मात्र त्यस्तो बिक्री व्यावसायिक मान्यताअनुरुप मनासिब तरिकाले बेचबिखन नगरिएको भन्ने दाबी लाग्ने छैन ।

(५) धितोको सम्पत्ति जुन किसिमको छ त्यसै किसिमका सम्पत्तिका डिलरले अबलम्बन गर्ने प्रचलित व्यावसायिक मान्यताअनुरुप हुने गरी धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गरेको भएमा त्यस्तो बिक्रीलाई व्यावसायिक मान्यताअनुरुप मनासिब तरिकाले बिक्री भएको मानिनेछ ।

(६) कुनै कानूनी कारबाहीमा धितोको सम्पत्तिको बेचबिखनको कुनै खास तरीका अपनाई बेचबिखन गर्न स्वीकृति दिइएकोमा त्यसरी भएको बेचबिखनलाई पूर्णतः व्यावसायिक मान्यताअनुरुप र मनासिब तरिकाले बिक्री भएको मानिनेछ ।

## परिच्छेद-६
## कसूर र सजाय

५५. कसूर : (१) कसैले देहायका कुनै काम गरे गराएमा यस ऐनबमोजिम कसूर भए गरेको मानिनेछ :-

(क) दर्ता कार्यालयमा दाखिला गरिएको सूचनामा जानी-जानी झुट्ठा विवरण उल्लेख गरेमा,

(ख) यस ऐनबमोजिम सूचना दर्ता गराउने काममा बाधा पुर्‍याएमा, र

(ग) कुनै पनि व्यक्तिको सम्पत्ति प्रयोग गर्ने, भोग चलन गर्ने, कब्जामा लिने वा सम्पत्ति धितोमा दिने अधिकारमा बाधा पुऱ्याएमा ।

(२) रजिष्ट्रार वा निजको प्रतिनिधिले झुट्टा प्रमाणपत्र जारी गरेमा वा दर्ता कार्यालयमा रहेको कुनै पनि अभिलेखलाई नष्ट गरेमा वा गलत बनाएमा निजले यस ऐनबमोजिम कसूर गरेको मानिनेछ ।

(३) यस ऐनबमोजिम कसूर गर्ने कुनै पनि व्यक्तिलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) कुनै पनि व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जामा रहेकोबखत त्यस्तो सम्पत्तिमा हेलचेक्र्याईं वा लापरवाही गरी हानि नोक्सानी पुऱ्याउने काम गरेमा निजलाई सो धितोको सम्पत्तिको मूल्यको अनुपातमा जरिबाना हुनेछ र मर्का पर्ने व्यक्तिले हेलचेक्र्याईं वा लापरवाही गरी हानि नोक्सानी पुऱ्याउने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन पाउनेछ ।

(५) उपदफा (२) बमोजिमको कसूरबाट हानि नोक्सानी पुग्न गएको व्यक्तिले क्षतिपुर्ति भराई लिन पाउनेछ ।

५६. नेपाल सरकार वादी हुने : (१) यस ऐनअन्तर्गत सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

(२) यस ऐनअन्तर्गत कसूरको अनुसन्धान र तहकीकात कम्तीमा प्रहरी निरीक्षकले गर्नेछ र निजले त्यस्तो कसूरको अनुसन्धान र तहकीकात गर्दा सम्बन्धित विषयको विज्ञसँग परामर्श गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-७
## संक्रमणकालीन व्यवस्था

५७. यस ऐन प्रारम्भ हुनुभन्दा अगावै भए गरेका कारोबार : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै सम्पन्न गरिएको धितो बन्धकी सम्झौता (हाइपोथिकेसन), प्लेज सम्झौता, हायर पर्चेज सम्झौता वा यस ऐनमा परिभाषित गरिएको मालसामानको पट्टाको सम्झौताका सम्बन्धमा देहायबमोजिम हुनेछ। यस दफाको प्रयोजनको लागि त्यस्ता कारोबारहरुलाई यो ऐन लागू हुनुभन्दा अघि भएका पूर्व कारोबारको रुपमा लिइनेछ :-

(क) खण्ड (ख) र (ग) मा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्ता पूर्व कारोबारको वैधता, प्रभाव र कार्यान्वयनको निर्धारण सम्झौता गर्दाका बखत लागू रहेको प्रचलित कानूनबमोजिम गरिनेछ,

(ख) यो ऐन प्रारम्भ हुनुभन्दा अघि सम्पन्न भएका कारोबारद्वारा सिर्जित धितोको हक यो ऐन प्रारम्भ भएपछि सिर्जित धितोको हकसँग बाझिएको हदसम्म यस ऐनबमोजिम सिर्जित धितोको हक मान्य हुनेछ, र

(ग) पूर्व कारोबारअन्तर्गत धितो लिने व्यक्तिले धितोको हकको सूचनाका सम्बन्धमा अपनाउने परिच्छेद-२ बमोजिमको तरिका अनुसार नै दर्ता कार्यालयले काम प्रारम्भ गरेको मितिले एक वर्षभित्र कारोबारको सूचना दर्ता गराउन सक्नेछ। यस ऐन अन्तर्गत सूचना दर्ता गरी स्थापित परिपक्वताको प्राथमिकता दर्ता कार्यालय स्थापित भएको मितिदेखि गणना गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको अधिकारक्षेत्रभित्र पर्ने कुनै कारोबार यो ऐन प्रारम्भ भएको मिति र दर्ता कार्यालय स्थापना भई सञ्चालन भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समयको बीचमा सम्पन्न भएको रहेछ भने त्यस्तो कारोबार उपदफा (१) बमोजिमका अधीनमा रही भएको मानिनेछ ।

## परिच्छेद-८
## विविध

५८. धितोसम्बन्धी हकको समाप्ति : (१) सुरक्षित दायित्व बाँकी नरहेमा र धितो लिने व्यक्तिसँग भावी ऋण दिने, दायित्व बहन गर्ने वा अन्य कुनै पनि तवरले मूल्य दिने प्रतिबद्धता नभएमा धितोको हकको समाप्ति हुनेछ ।

(२) बिक्री गरिएको बहीखाता वा सुरक्षित बिक्री करारका सम्बन्धमा दायित्व बहन गर्ने व्यक्तिले दायित्व पूरा गरेपछि धितोको हकको समाप्ति हुनेछ ।

५९. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६०. सुरक्षित कारोबार अध्यादेश, २०६२ निष्क्रिय भएपछि त्यसको परिणाम : सुरक्षित कारोबार अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याइ अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

५८५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालु राख्न वा लागू गर्न सकिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

प्रमाणीकरण मितिः २०६३।७।३०।५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, मंसिर ४ गते, २०६३ साल (अतिरिक्तांक ४५

## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६३ सालको ऐन नं. २०

## दामासाहीको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : साहूको ऋण तिर्न नसकी दामासाहीमा परेका वा पर्न लागेका वा आर्थिक कठीनाई भोगिरहेका कम्पनीको प्रशासन, दामासाहीसम्बन्धी कार्यविधि तथा त्यस्ता कम्पनीको पुनर्संरचनाका सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "दामासाहीसम्बन्धी ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कम्पनी" भन्नाले प्रचलित कम्पनी कानूनबमोजिम संस्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सीमित दायित्व भएको अन्य सङ्गठित संस्थासमेतलाई जनाउँछ ।

(ख) "दामासाहीमा परेको" भन्नाले साहूलाई भुक्तानी गर्न बाँकी रहेको वा भविष्यमा भुक्तानी गर्नुपर्ने कुनै वा सबै ऋण तिर्न नसकेको वा नसक्ने देखिएको वा कम्पनीको दायित्वको रकम जायजेथाको मूल्यभन्दा बढी भएको अवस्था सम्झनु पर्छ ।

(ग) "आर्थिक कठीनाई" भन्नाले यस ऐनबमोजिम पुनर्संरचना नगरेमा तत्काल वा निकट भविष्यमा नै कम्पनी दामासाहीमा पर्ने वा पर्न सक्ने अवस्था सम्झनु पर्छ ।

(घ) "कम्पनीको खारेजी" भन्नाले यस ऐनबमोजिमको प्रक्रिया पूरा गरी कम्पनीको दर्ता खारेज भएको अवस्था सम्झनु पर्छ ।

(ङ) "पुनर्संरचना" भन्नाले आर्थिक कठीनाईमा परी दामासाहीमा पर्न सक्ने कम्पनीलाई पुनर्संरचना गर्न यस ऐनबमोजिम अपनाइने प्रक्रिया सम्झनु पर्छ ।

(च) "पुनर्संरचना कार्यक्रम" भन्नाले परिच्छेद-४ मा व्यवस्था भएबमोजिमको पुनर्संरचना कार्यक्रम सम्झनु पर्छ ।

(छ) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको वाणिज्य इजलाश सम्झनु पर्छ ।

(ज) "ऋण" भन्नाले तत्काल भुक्तानी गर्न बाँकी रहेको वा भुक्तानी गर्नु पर्ने गरी दाबी गरेको निश्चित रकम सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) "साहू" भन्नाले दामासाहीमा परेको वा पर्न सक्ने कम्पनीबाट भुक्तानी प्राप्त गर्ने अधिकार भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सुरक्षित साहूसमेतलाई जनाउँछ।

(ञ) "सुरक्षण" भन्नाले ऋणको धितो बन्धक वा अन्य कुनै किसिमको सुरक्षणबापत राखेको कुनै वा सबै सम्पत्ति सम्झनु पर्छ।

(ट) "सुरक्षित साहू" भन्नाले सुरक्षण लिई कम्पनीलाई ऋण दिने साहू सम्झनु पर्छ।

(ठ) "खारेजीमा परेको कम्पनी" भन्नाले यस ऐनबमोजिम कम्पनीको खारेजीको लागि आदेश जारी भएको अवस्था सम्झनु पर्छ।

(ड) "कार्यालय" भन्नाले दफा ६५ बमोजिम स्थापना भएको दामासाही प्रशासन कार्यालय सम्झनु पर्छ।

(ढ) "दामासाहीसम्बन्धी व्यवसायी" भन्नाले दामासाहीसम्बन्धी व्यवसाय गर्न दफा ६४ बमोजिम इजाजतपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ण) "जाँचबुझ अधिकारी" भन्नाले दफा १० बमोजिम नियुक्त जाँचबुझ अधिकारी सम्झनु पर्छ।

(त) "पुनर्संरचना व्यवस्थापक" भन्नाले कम्पनीको पुनर्संरचना कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न दफा २२ को उपदफा (२) बमोजिम अदालतको आदेशले नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(थ) "लिक्विडेटर" भन्नाले कम्पनी खारेजी गर्ने काम कारबाही गर्न अदालतको आदेश वा साहूहरुको सभाबाट पारित प्रस्तावबमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले कार्यालयसमेतलाई जनाउँछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) "सम्बद्ध व्यक्ति" भन्नाले दामासाहीमा परेको कम्पनीको सञ्चालक, पदाधिकारी, शेयरधनी वा त्यस्तो कम्पनीको मूल कम्पनी वा सहायक कम्पनीको सञ्चालक, पदाधिकारी वा शेयरधनी सम्झनु पर्छ र सो शब्दले सो कम्पनी वा त्यस्तो कम्पनीको मूल कम्पनी वा सहायक कम्पनीको सञ्चालक, पदाधिकारी वा शेयरधनीको पति, पत्नि, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, दाजु, भाइ, दिदी, बहिनीसमेतलाई जनाउँछ ।

(ध) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## दामासाहीसम्बन्धी कारवाही

३. अदालतको आदेश बिना दामासाहीसम्बन्धी कारवाही प्रारम्भ गर्न नहुने : यस ऐनबमोजिम अदालतबाट आदेश भएकोमा बाहेक कसैले पनि कुनै कम्पनीउपर दामासाहीसम्बन्धी कारवाही प्रारम्भ गर्न हुँदैन ।

४. दामासाहीको कारवाही गराउन निवेदन दिनु पर्ने : (१) कुनै कम्पनीउपर दामासाहीसम्बन्धी कारबाही गर्नु परेमा सोसम्बन्धी कारबाही अगाडि बढाउनको लागि देहायको कुनै व्यक्तिले अदालत समक्ष तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ :-

(क) दामासाहीमा परेको कम्पनी आफैं,

(ख) दामासाहीमा परेको कम्पनीका कूल साहूमध्ये कम्तीमा दश प्रतिशत ऋण दिने साहू वा साहूहरु,

(ग) कम्पनीका कूल शेयरधनीमध्ये कम्तीमा पाँच प्रतिशत शेयर लिएका शेयरधनी वा शेयरधनीहरु,

(घ) कम्पनीका कूल डिबेञ्चरधनीमध्ये कम्तीमा पाँच प्रतिशत डिबेञ्चर लिएका डिबेञ्चरधनी वा डिबेञ्चरधनीहरु,

०६७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) कम्पनी खारेज गर्नको लागि नियुक्त भएको लिक्विडेटर, वा

(च) दफा ८ मा उल्लिखित कुनै खास किसिमको व्यवसाय सञ्चालन गर्ने कम्पनीको हकमा त्यस्तो व्यवसायको प्रशासन र नियमन गर्ने अधिकारप्राप्त निकाय ।

(२) उपदफा (१) बमोजिम निवेदन दिनका लागि दफा ५ बमोजिमको ऋण चुक्ता गर्न जारी गरेको सूचना रीतपूर्वक सम्बन्धित कम्पनीलाई बुझाएको पैंतीस दिन पूरा भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिँदा सो निवेदन दिनु पर्ने कारण, कम्पनीको वित्तीय स्थितिको संक्षिप्त विवरण र कम्पनी दामसाहीमा परेको व्यहोरा पुष्टि हुने प्रमाण संलग्न गरी त्यस्तो निवेदन दिँदा देहायको विवरणसमेत दाखिला गर्नु पर्नेछ :-

(क) दामासाहीमा परेको कम्पनी आफैंले त्यस्तो निवेदन दिएमा :-

(१) कम्पनीको सञ्चालक समितिले कम्पनी दामासाहीमा परेको व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिएको लिखत,

(२) यस ऐनबमोजिम दामासाहीसम्बन्धी कारबाही गर्न कम्पनीको सञ्चालक समितिले पारित गरेको विशेष प्रस्ताव, र

(३) दामासाहीसम्वन्धी कारवाही गर्न निवेदन दिँदाका वखत उपलब्ध कम्पनीको वासलात र लेखापरीक्षकको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

(ख) दामासाहीमा परेको कम्पनीका साहूले निवेदन गरेमा :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

(१) साहूले कम्पनीबाट भुक्तानी हुन बाँकी भनी दाबी गरेको ऋणको साँवा तथा व्याज रकमको विवरण,

(२) साहूले दावी गरेको ऋण कम्पनीले लिएको मिति तथा सो ऋण लिनु पर्ने कारण सहितको व्यहोरा,

(३) उपखण्ड (१) बमोजिमको रकम बाँकी रहेको र त्यस्तो रकम तत्काल भुक्तानीयोग्य भएको विवरण,

(४) जुन कम्पनीका सम्बन्धमा दामासाहीको कारबाही गर्न माग गरिएको हो सो कम्पनी दामासाहीमा परेको कुरा साहूलाई विश्वास भएको र त्यसरी विश्वास गर्नुपर्ने कारण र आधार ।

(ग) लिक्विडेटरले निवेदन गरेमा :-

(१) जुन कम्पनीका सम्बन्धमा दामासाहीको कारबाही गर्न निवेदन गरेको हो सो कम्पनीले कम्पनी खारेज गर्ने प्रयोजनको लागि लिक्विडेटर नियुक्त गरेको प्रमाण, र

(२) जुन कम्पनीका सम्बन्धमा दामासाहीको कारबाहीको लागि निवेदन गरिएको हो सो कम्पनी दामासाहीमा परेको सम्बन्धमा लिक्विडेटरले व्यक्त गरेको राय र सोको आधार ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम कम्पनीको शेयरधनी वा डिबेञ्चरधनीले दामासाहीसम्बन्धी कारबाहीको लागि

मुद्रण विभाग


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदन दिँदा अदालतको अनुमति लिनु पर्नेछ र त्यस्तो अनुमात पाएमा अदालतले तोकेको शर्तमा निजले निवेदन गर्न सक्नेछ ।

(५) कम्पनी दामासाहीमा परेको कुरा प्रमाणित हुने पर्याप्त प्रमाण दाखिला नगरेसम्म अदालतले उपदफा (४) बमोजिमको अनुमति दिने छैन ।

५. ऋण चुक्ता गर्न सूचना दिनु पर्ने : (१) दामासाहीसम्बन्धी कारबाहीको लागि दफा ४ बमोजिम अदालतमा निवेदन दिनुअघि तोकिएको ढाँचामा ऋण चुक्ता गर्न जारी गरेको सूचना कम्पनीको रजिष्टर्ड कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा साहू आफैंले वा निजबाट अख्तियार पाएको व्यक्तिले निजको तर्फबाट सहीछाप गरेको हुनु पर्नेछ ।

६. ऋण चुक्ता गर्न जारी गरेको सूचना निष्क्रिय गर्न निवेदन गर्न सकिने : (१) दफा ५ बमोजिम प्राप्त भएको सूचना मनासिब नभएमा वा अन्य कुनै कारणबाट तत्काल ऋण चुक्ता गर्नु नपर्ने भएमा सो सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित कम्पनीले सो सूचना निष्क्रिय गराउन अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा दफा ५ वमोजिमको सूचना दिने साहूलाई सात दिनभित्र अदालतमा उपस्थित हुन अदालतले सूचना जारी गर्नु पर्नेछ र त्यस्तो सूचना जारी गर्दा त्यस्तो निवेदनको प्रतिलिपिसमेत संलग्न गरेको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम साहू उपस्थित हुन आएकोमा सो मितिबाट वा उपस्थित हुन नआएमा अदालतमा उपस्थित हुन आउनु पर्ने म्याद भुक्तान भएको मितिले सात दिनभित्र अदालतले दफा ५ बमोजिम जारी भएको सूचना निष्क्रिय गर्ने वा नगर्ने विषयमा निर्णय गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) देहायको अवस्थामा अदालतले दफा ५ बमोजिम जारी गरेको सूचना निष्क्रिय गर्ने आदेश दिन सक्नेछ :-

(क) कम्पनीलाई साहूले ऋण प्रवाह गरेको हो वा होइन भन्ने कुरामा स्पष्ट विवाद देखिएमा, वा

(ख) कम्पनीले साहूलाई तिर्न बाँकी रहेको ऋण तत्काल भुक्तानीयोग्य नदेखिएमा ।

(५) अदालतले उपदफा (४) बमोजिम आदेश दिएकोमा सो उपदफाको अवस्था विद्यमान रहेसम्म सोही विषयमा पुन: कम्पनीलाई ऋण चुक्ता गर्न जारी गरेको सूचना दिन वा दामासाहीसम्बन्धी कारबाही गराउन निवेदन दिन सकिने छैन ।

(६) अदालतले उपदफा (४) बमोजिम आदेश जारी नगरेमा कम्पनीले सो मितिबाट पैंतीस दिनभित्र साहूको ऋण चुक्ता गर्नु पर्नेछ ।

७. कम्पनी दामासाहीमा परेको मानिने : (१) अन्यथा प्रमाणित भएकोमा बाहेक देहायका अवस्थामा कम्पनी दामासाहीमा परेको मानिनेछ :-

(क) कम्पनी दामासाहीमा परेको विशेष प्रस्ताव शेयरधनीहरुको साधारण सभाले पारित गरेमा वा कम्पनीको सञ्चालक समितिको बैठकले त्यस्तो निर्णय गरेमा,

(ख) कम्पनीले ऋण चुक्ता गर्नु पर्ने गरी अदालतको आदेश भएको र त्यस्तो आदेश कम्पनीले प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सो आदेश अनुसार ऋण चुक्ता नभएमा, वा

(ग) साहूले कम्पनीलाई ऋण चुक्ता गर्न जारी गरेको सूचना बुझाएको पैंतीस दिनभित्र सो कम्पनीले


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऋण चुक्ता नगरेमा वा त्यस्तो सूचना निष्क्रिय गर्न सोही अवधिभित्र अदालतमा निवेदन नगरेमा ।

(२) कम्पनीको जायजेथाको मूल्यभन्दा कम्पनीको दायित्व बढी भएको अन्य कुनै कुराबाट प्रमाणित भएमा वा कम्पनी दामासाहीमा परेको कुरा कम्पनी आफैंले स्वीकार गरेमा यस दफामा लेखिएको कुनै कुराले त्यस्तो कम्पनी दामासाहीमा परेको कुरा स्थापित गर्न रोक लगाउने छैन ।

८. दामासाहीको कारबाहीका लागि निवेदन गर्न नसकिने : (१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कम्पनीका सम्बन्धमा देहायका अधिकारीको पूर्व स्वीकृति प्राप्त नगरी दामासाहीसम्बन्धी कारबाही गर्न अदालतमा निवेदन गर्न सकिने छैन :-

(क) बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने बैङ्क वा वित्तीय संस्थाको हकमा नेपाल राष्ट्र बैङ्कको,

(ख) बीमा व्यवसाय गर्ने बीमा कम्पनीका हकमा बीमा ऐन, २०४९ बमोजिम गठित बीमा समितिको, वा

(ग) खण्ड (क) वा (ख) मा लेखिएबाहेक प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकाय वा अधिकारीको स्वीकृति बिना स्वेच्छाले खारेज हुन नसक्ने कम्पनीको हकमा त्यस्तो अधिकारीको ।

(२) उपदफा (१) मा उल्लेख भएका कम्पनीका सम्बन्धमा दामासाहीसम्बन्धी कारबाहीका लागि निवेदन दिंदा सो उपदफामा उल्लेख भएका अधिकारीले सो प्रयोजनका लागि दिएको स्वीकृतिको प्रतिलिपि निवेदन साथ पेश गर्नु पर्नेछ ।

२५३५

९. निवेदनउपर कारबाही गर्नुपर्ने : (१) कुनै कम्पनीका सम्बन्धमा दामासाहीसम्बन्धी कारबाही गर्न वा गराउन दफा ४ बमोजिम निवेदन पर्न आएमा सो निवेदन यस ऐनबमोजिम रीतपूर्वक दाखिला गरेको भए अदालतले दर्ता गरी पन्ध्र दिनभित्र सोउपर सुनुवाई हुने गरी तारिख तोक्नु पर्नेछ ।

(२) कम्पनी आफैंले दामासाहीसम्बन्धी कारबाहीको लागि निवेदन दिएकोमा बाहेक उपदफा (१) बमोजिमको निवेदन दर्ता भएपछि त्यस्तो कारबाही गर्नु नपर्ने कुनै कारण भए सात दिनभित्र लिखित विवरण पेश गर्न सम्बन्धित कम्पनीको नाममा सूचना जारी गरी सो कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) अदालतले मनासिब देखेमा यस दफाबमोजिमको निवेदनउप्रर सुनुवाई हुनु अगावै आवश्यकता अनुसार दफा ८ को उपदफा (१) मा उल्लेख भएका अधिकारीलाई निवेदकको माग अनुसार कुनै कारबाही गर्नु नपर्ने कुनै कारण भए सोको विवरण सुनुवाईको लागि तोकिएको दिनभन्दा अगावै अदालतमा पेश गर्न आदेश दिन सक्नेछ र सोको जानकारी सम्बन्धित कम्पनीका शेयरवालाहरु, साहूहरु वा सम्बन्धित कम्पनीसँग कारोबार भएका अन्य व्यक्ति वा त्यस्तो कम्पनी धितोपत्र बजारमा सूचिकृत गरिएको भए सम्बन्धित धितोपत्र बजारले समेत पाउने गरी राष्ट्रियस्तरका कुनै दैनिकपत्रिकामा कम्तीमा दुईपटक प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम जारी भएको वा प्रकाशन भएको सूचना प्राप्त गर्ने कम्पनी वा व्यक्तिले सम्बन्धित कम्पनीको दामासाहीसम्बन्धी कारबाही गर्नु नपर्ने कुनै कारण भएमा अदालतले तोकेको म्यादभित्र सोको आधार सहित लिखितरुपमा विवरण पेश गर्नु पर्नेछ ।

१०. सुनुवाई जारी गरी निर्णय गर्नुपर्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले यस

परिच्छेदबमोजिम पर्न आएको निवेदनउपर सुनुवाई गर्न तोकिएको दिनमा सुनुवाई प्रारम्भ भएपछि सोको अन्तिम किनारा नभएसम्म सुनुवाई जारी राखी निर्णय गर्नु पर्नेछ ।

तर सुनुवाई भएको दिन समयाभावले गर्दा सुनुवाई पूरा गर्न वा निर्णय गर्न नभ्याएमा अदालत खुलेको दिन सो विषयमा सुनुवाई जारी गर्न यस व्यवस्थाले बाधा पुऱ्याउने छैन ।

(२) उपदफा (१) बमोजिमको सुनुवाई पूरा भएपछि अदालतले कम्पनीका सम्बन्धमा दामासाहीसम्बन्धी कारबाही प्रारम्भ गर्ने वा नगर्ने आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश दिँदा अदालतले दामासाहीसम्बन्धी जाँचबुझ गर्ने प्रयोजनका लागि दामासाहीसम्बन्धी व्यवसायीलाई जाँचबुझ अधिकारीको रुपमा नियुक्ति गर्ने आदेश दिनेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ अधिकारी नियुक्ति गर्दा सो प्रयोजनको लागि कार्यालयले स्वीकृत गरेको सूचीमा नाम समावेश भएका व्यक्तिहरुमध्ये अदालतले उपयुक्त ठहराएको व्यक्तिलाई नियुक्ति गर्नु पर्नेछ ।

११. अन्तरिम आदेश जारी गर्न सक्ने : (१) दफा ४ बमोजिम अदालतमा परेको निवेदनउपर सुनुवाई हुँदाका बखत साहू वा कम्पनीसँग कारोबार गर्ने अन्य व्यक्तिको हितलाई प्रतिकूल असर पर्न सक्ने देहायको अवस्था कम्पनीमा विद्यमान रहेको देखिएमा अदालतले सरोकारवाला पक्षको निवेदनबाट वा आफ्नै तजबिजले अन्तरिम आदेश दिन सक्नेछ :-

(क) कम्पनीको जायजेथा गलतरुपमा बेचबिखन भएको वा हुन सक्ने सम्भावना रहेमा,

(ख) कम्पनीको व्यवस्थापन ठीकसँग सञ्चालन नगरिएको भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कम्पनीको जायजेथामा प्रतिकूल असर पर्ने गरी कुनै कानूनी कारबाही वा त्यस्तो कारबाहीको कार्यान्वयन हुन लागेको वा हुनसक्ने अवस्था भएमा ।

(२) उपदफा (१) बमोजिम अदालतले अन्तरिम आदेश जारी गर्दा देहायका सबै वा कुनै कुरा गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ :-

(क) कम्पनीले सामान्यरुपमा कारोबार गर्दै आएको व्यवसायबाहेक कम्पनीको कुनै पनि जायजेथा हस्तान्तरण, बेचबिखन गर्न वा कुनै किसिमले धितो वा बन्धक राख्न,

(ख) कम्पनीको शेयर कुनै किसिमले हस्तान्तरण गर्न वा कम्पनीका शेयरधनीको हैसियत कुनै किसिमले परिवर्तन गर्न,

(ग) कम्पनीको कुनै पनि सम्पत्ति कसैले रोक्का राख्न वा चलन चलाउन, वा

(घ) कम्पनीको जायजेथा वा कम्पनीको स्वामित्व वा भोगचलनमा रहेको वा कम्पनीको कब्जामा रहेको कुनै पनि जायजेथाका विरुद्ध कुनै पनि साहू वा व्यक्तिले कुनै कानूनी कारबाही प्रारम्भ गर्न वा जारी राख्न वा कुनै कारबाही गर्न वा चलन चलाउन ।

(३) उपदफा (२) बमोजिम अदालतले आदेश गरेकोमा सोको जानकारी सम्बन्धित कम्पनी, कम्पनी रजिष्ट्रार र कार्यालयलाई दिनु पर्नेछ र अदालतले उचित ठहऱ्याएमा सर्वसाधारणले जानकारी पाउन सक्ने गरी राष्ट्रियस्तरको दैनिकपत्रपत्रिकामा प्रकाशनसमेत गर्न आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अदालतले आवश्यक देखेमा कम्पनीको अन्तरिम व्यवस्थापनका लागि अन्तरिम आदेश बहाल रहेको अवधिभर कायम रहने गरी उपयुक्त व्यक्तिलाई कम्पनीको अन्तरिम प्रशासकको रुपमा नियुक्त गर्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम नियुक्त भएको अन्तरिम प्रशासकको काम, कर्तव्य र अधिकार त्यसरी नियुक्त हुँदाका बखत अदालतले तोकेबमोजिम हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले दामासाहीसम्बन्धी कारबाहीको जाँचबुझका लागि आदेश गरेकोमा वा निवेदनपत्र खारेज गरेकोमा यस दफाबमोजिम भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुनेछ ।

१२. निवेदन फिर्ता लिन नहुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम दामासाहीको कारबाहीका लागि अदालतमा दिएको निवेदन अदालतले अनुमति दिएको अवस्थामा बाहेक फिर्ता हुन सक्ने छैन ।

## परिच्छेद-३
## दामासाहीसम्बन्धी कारबाहीको जाँचबुझ

१३. दामासाहीसम्बन्धी कारबाहीको जाँचबुझ गर्नुपर्ने : (१) अदालतले दफा १० को उपदफा (३) बमोजिम दामासाहीसम्बन्धी कारबाही जाँचबुझ गर्न आदेश गरेकोमा देहायको कुरा निर्धारण गर्नको लागि जाँचबुझ अधिकारीले सम्बन्धित कम्पनीको वित्तीय स्थिति स्वतन्त्ररुपमा जाँचबुझ गर्नु पर्नेछ :-

(क) कम्पनीको वित्तीय स्थितिमा सुधार हुन नसक्ने भएकोले तत्काल खारेज गर्ने आदेश जारी गर्नु पर्ने हो वा होइन,

(ख) दफा १४ बमोजिमको जाँचबुझ अवधि बढाउनु पर्ने हो वा होइन,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पुनर्संरचना कार्यक्रममार्फत कम्पनीको पुनर्संरचना गर्नु पर्ने आदेश जारी गर्नु पर्ने हो वा होइन,

(घ) कम्पनी दामासाहीमा परिसकेको वा तत्काल पर्न सक्ने सम्भावना छ वा छैन ।

(२) जाँचबुझ अधिकारीले उपदफा (१) बमोजिम जाँचबुझ गरी अदालतले तोकेको समय अवधिभित्र जाँचबुझ प्रतिवेदन अदालतमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त साहूहरुको सभाले पारित गरेको कुनै प्रस्ताव भए सो प्रस्ताव, कम्पनीको प्रस्ताव र आफूले गरेको मूल्याङ्कन र सिफारिसहरु उल्लेख हुनु पर्नेछ ।

१४. दामासाहीसम्वन्धी कारबाहीको जाँचबुझ अवधि बढाउन सकिने : (१) दफा १३ को उपदफा (२) बमोजिम तोकिएको जाँचबुझ अवधिभित्र कम्पनीको वित्तीय स्थिति जाँचबुझ हुन नसक्ने मनासिब कारण देखाई जाँचबुझ अधिकारीले सो अवधि बढाउन अदालत समक्ष निवेदन दिएमा अदालतले कारण मनासिब ठहर गरेमा उपयुक्त अवधि बढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझको अवधि बढाइएकोमा सोको जानकारी सम्बन्धित कम्पनीलाई दिनु पर्नेछ ।

१५. जाँचबुझ अवधिमा कम्पनीको व्यवस्थापन : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दामासाहीसम्बन्धी कारबाहीको जाँचबुझ अवधिमा कम्पनीको व्यवस्थापन तथा नियमित कारोबार जाँचबुझ अधिकारीको सामान्य सुपरीवेक्षणमा कम्पनीको सञ्चालक समितिले सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीको सञ्चालक समितिले कम्पनीलाई ठीकसँग सञ्चालन नगरेको प्रतिवेदन जाँचबुझ अधिकारीले अदालतमा पेश गरेमा सञ्चालक समितिलाई हटाई निजलाई नै कम्पनीको व्यवस्थापन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।